# प्रभाव दैनिक
National Daily

वर्ष ९ | अंक २३४ | काठमाडौं | आइतबार, १० पुस २०७९ | Prabhab National Daily | Sunday, December 25, 2022 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**जाडोबाट बच्न निम्न उपायहरू अवलम्बन गरौं**

- तातो, झोलिलो पदार्थ प्रशस्त मात्रामा पिउने गरौं,
- न्यानो कपडा लगाऔं,
- घाम वा आगो तापौं,
- तेल मालिस गरौं,
- शारीरिक व्यायाम गरौं,
- बालबालिका, जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौं,
- ताजा र पौष्टिक खानेकुरा खाऔं,
- जाडोबाट बच्ने नाममा धूम्रपान तथा मद्यपान नगरौं,
- स्वास्थ्यमा कुनै समस्या परेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# कोरोना संक्रमणको जोखिम बढ्यो

**काठमाडौं (प्रस)–** कोरोना भाइरस (कोभिड-१९)को संक्रमण पुनः फैलिने जोखिम बढेको छ । छिमेकी मुलुक चीन र भारतमा नयाँ भेरियण्टको संक्रमण बढ्दै गएसँगै नेपालमा पनि जोखिम बढेको हो ।

उक्त जोखिमलाई मध्यनजर गर्दै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सार्वजनिकस्थलमा अनिवार्य मास्क लगाउन अनुरोध गरेको छ । मन्त्रालयले शनिबार एक विज्ञप्ति प्रकाशित गरी छिमेकी देशमा कोरोना भाइरसको नयाँ भेरियन्ट बिएफ-७ को संक्रमण बढ्दै गएको भन्दै मास्क लगाउन आग्रह गरेको हो ।

> सार्वजनिकस्थलमा अनिवार्य मास्क लगाउन र स्वास्थ्यका सबै मापदण्ड पालना गर्न स्वास्थ्य मन्त्रालयको अपिल

यसैगरी मन्त्रालयले भौतिक दूरीसमेत कायम गर्न पनि आग्रह गरेको छ । स्वास्थ्य मन्त्रालयका प्रवक्ता तथा डा. सञ्जयकुमार ठाकुरद्वारा हस्ताक्षरित उक्त विज्ञप्तिमा स्यानिटाइजरको प्रयोग गर्न, नियमितरूपमा साबुन पानीले हात धुनेलगायत स्वास्थ्यका सबै मापदण्ड अनिवार्य पालना गर्न आग्रह गरिएको छ । यसैगरी कोभिड-१९ को बुस्टर डोज खोप लगाउन पनि मन्त्रालयले अपिल गरेको छ ।

अंग्रेजी नयाँ वर्ष २०२३, क्रिसमसलगायत कुनै पनि भीडभाड हुने स्थलमा विशेष सतर्कता अपाउनसमेत मन्त्रालयले आग्रह गरेको छ । नेपालमा बिएफ-७ भेरियन्ट पुष्टि नभए पनि चीन र भारतमा बढ्दै गएकाले खुला सिमाना र आवतजावतका कारण जोखिम रहेको विज्ञप्तिमा उल्लेख छ ।

यसैबीच गृह मन्त्रालयले पनि कोभिड-१९ को संक्रमण नेपालमा कम भए पनि विश्वव्यापी रूपमा हेर्दा छिमेकी राष्ट्रलगायत केही देशहरूमा संक्रमणका नयाँ स्वरूप (भेरियन्ट) देखापरेकाले त्यसको जोखिम तथा असर नेपालमा पनि पर्न सक्ने अवस्थाप्रति सजग एवं सुसूचित हुन अनुरोध गरेको छ ।

मन्त्रालयले जिल्लास्थित सुरक्षा समिति, स्वास्थ्य कार्यालय, स्थानीय तहलगायत सरोकारवाला निकायको समन्वयमा सार्वजनिक यातायातका साधन तथा बढी भीडभाड हुने स्थानमा मास्क तथा स्यानिटाइजरको प्रयोग गर्ने व्यवस्था मिलाउन आग्रह गरेको छ ।

सरकार गठनको कसरत

# आलोपालो प्रधानमन्त्रीमा सहमति 'पहिलो'मा अड्कियो

■ जेबी योञ्जन

- देउवा, दाहाल र नेपालले आलोपालोमा सरकार चलाउने
- देउवा-दाहालले छाडेनन् अडान
- सरकार गठबन्धनकै बन्ने दाबी
- गठबन्धन भत्काउने एमाले प्रयास जारी



**काठमाडौं–** नयाँ सरकारको प्रधानमन्त्रीबारे सत्तारूढ दलहरू अनिर्णित भएका छन् । सरकार गठन गर्न प्रधानमन्त्रीमा बहुमत पुऱ्याएर दाबी पेस गर्ने अवधि केही घण्टा बाँकी छँदासम्म को पहिले प्रधानमन्त्री हुने भन्ने विषय टुंगिएको छैन ।

राष्ट्रपति विद्यादेवी भण्डारीले सरकार गठनका लागि प्रधानमन्त्रीमा बहुमतसहित दाबी गर्न आज साँझ ५ बजेसम्मको समय दिएकी छन् । संविधानको धारा ७६ को उपधारा (२) अनुसार दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमतसहित प्रधानमन्त्रीमा प्रतिनिधिसभाका कुनै पनि सदस्यले दाबी गर्न मिल्छ ।

प्रधानमन्त्रीसमेत रहेका कांग्रेस सभापति शेरबहादुर देउवा फेरि दोहोरिन चाहेका छन् । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल पनि प्रधानमन्त्री हुने दृढ अडानमा छन् । उनीहरू दुवैको पहिलो चरणमै प्रधानमन्त्री हुने चाहना छ । सोही कारण नयाँ सरकारको प्रधानमन्त्री अनिर्णित भएको हो ।

शनिबार साँझ प्रधानमन्त्रीको सरकारीनिवास बालुवाटारमा बसेको सत्तारूढ गठबन्धनको बैठकमा पनि दुवै नेताहरू अडानमा अडिग रहे । बरु, एकले अर्कालाई पहिलो चरणमा प्रधानमन्त्रीका लागि समर्थन गर्न आग्रह गरे । तर, गठबन्धनकै सरकार बनाउने पक्षमा उनीहरू छन् ।

सरकारका प्रवक्तासमेत रहेका कांग्रेस नेता ज्ञानेन्द्रबहादुर कार्कीले गठबन्धनबाटै सरकार बन्ने दाबी गरे । शनिबार साँझ बालुवाटारको बैठक सकेर बाहिरिने क्रममा सञ्चारकर्मीहरूसँग कुरा गर्दै उनले आज (आइतबार) बिहान बस्ने सत्ता गठबन्धनको बैठकले प्रधानमन्त्री टुंगो लगाउने दाबी गरे । 'निर्वाचनपछि सम्भवतः पहिलो पाँच दलीय गठबन्धनको बैठक बसेर अहिलेको विकसित राजनीतिक घटनाक्रमको बारेमा गम्भीर छलफल भएको छ,' नेता कार्कीले भने, ' आगामी दिनमा कसरी जाने भन्नेबारेमा पनि छलफल भएको छ । प्रधानमन्त्रीको विषय भोलि (आइतबार) बिहानको बैठकले टुंग्याउँछ । हामी जनताबाट प्रकट भएको अभिमतलाई सम्मान गर्दै अघि बढ्ने पक्षमा छौं ।'

उनले प्रधानमन्त्रीको विषयले सरकार गठनको हलो नअड्किने बताए । 'प्रधानमन्त्रीको विषयमा हलो अड्किन्न । प्रधानमन्त्री को पहिलो हुने भन्ने कुरा गौण कुरा हो । मुलुकलाई जनताको आकांक्षाअनुसार कसरी अघि बढाउने भन्ने कुरा महत्त्वपूर्ण हो । गठबन्धनकै सरकार बन्छ,' कार्कीले भने ।

> प्रधानमन्त्रीको विषयमा हलो अड्किन्न । प्रधानमन्त्री को पहिलो हुने भन्ने कुरा गौण कुरा हो । मुलुकलाई जनताको आकांक्षाअनुसार कसरी अघि बढाउने भन्ने कुरा महत्त्वपूर्ण हो ।
>
> ■ **ज्ञानेन्द्रबहादुर कार्की**
> नेता, नेपाली कांग्रेस

गठबन्धनको बैठकमा सहभागी एक नेताका अनुसार भने पहिलो चरणमा को प्रधानमन्त्री बन्ने भन्ने विषय नटुंगिए पनि आलोपालो सरकार चलाउने विषयमा छलफल भएको छ । उनका अनुसार कांग्रेस सभापति देउवा, माओवादी अध्यक्ष दाहाल र नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले आलोपालो प्रणालीमा सरकारको नेतृत्व गर्ने (**बाँकी पृष्ठ २ मा**)

## दाहालको सम्भावना टरिसक्यो : *ओली*

**काठमाडौं (प्रस)–** नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्री हुने सम्भावना टरेको दाबी गरेका छन् । दाहालले गठबन्धन नछाडेपछि ओलीले यस्तो बताएका हुन् ।

'पुष्पकमल दाहालजी प्रधानमन्त्रीको इच्छा गरिरहनुभएको छ । तर, उहाँले मलाई लाग्छ निर्णय गर्न ढिला गर्नुभयो । उहाँको सम्भावना सामान्यतः समाप्त भएजस्तो देखिन्छ । किनभने, उहाँले समयमा हुन चाहनुभएन,' शनिबार काठमाडौंमा आयोजित एक कार्यक्रममा ओलीले भने ।

ओलीले दाहाललाई कांग्रेस नेतृत्वको गठबन्धन छाडेर आए प्रधानमन्त्री बनाउन समर्थन गर्ने बताएका छन् । ओलीको चाहना वामपन्थी सरकार बनाउने हो । तर, संसद्मा स्वतन्त्र कम्युनिस्ट सांसदसँगै साना कम्युनिस्ट घटकको सिटसमेत जोड्दा १२५ मात्रै छ । ओलीको चाहनाअनुसार कम्युनिस्ट सरकार बनाउन १३ सिट पुग्दैन । तैपनि दाहालले गठबन्धन छाडेर आए वामपन्थी सरकारको प्रधानमन्त्री बनाउने ओलीले वचन दिएका हुन् ।

तर, दाहाल गठबन्धनलाई नै निरन्तरता दिने पक्षमा देखिन्छन् । गठबन्धनकै सरकार बनाएर अघि बढ्न उनी लागेका छन् । यस्तो बेला ओलीले दाहालले गठबन्धन छाड्ने निर्णय गर्न ढिला गरेको र प्रधानमन्त्री बन्ने अवसर करिब सकिएको बताएका हुन् ।

सन्दर्भ : वैदेशिक रोजगार

# माघ ६ लाई तोकियो संघको चुनाव

■ प्रभाव संवाददाता

**काठमाडौं–** पटक-पटक स्थगित हुँदै आएको नेपाल वैदेशिक रोजगार व्यवसायी संघको साधारणसभा र निर्वाचन आगामी माघ ६ गते हुने भएको छ । पछिल्लोपटक यही पुस ८ का लागि तय भएको साधारणसभा अन्तिम समयमा आएर स्थगित गरिएको थियो ।

निर्वाचन कार्यतालिकासमेत प्रकाशित भइसकेको अवस्थामा विभिन्न राजनीतिक दलनिकट व्यावसायिक संघसंगठनहरूले विरोध गरेपछि निर्वाचनसहितको साधारणसभा स्थगित हुन पुगेको थियो । स्थगित साधारणसभा माघ ६ मा गर्ने निर्णय भएको संघको तदर्थ समितिका संयोजक विमल ढकालले बताए ।

व्यावसायिक संघसंगठनका प्रतिनिधि, उनीहरूनिकट राजनीतिक दलका प्रतिनिधिसहितको सहभागितामा संघको कार्यालयमा शुक्रबार बसेको बैठकले उक्त निर्णय गरेको हो । संघका ८८० जना सदस्यमध्ये निर्धारित समयभित्र ३८९ जना सदस्य संस्थाबाट मात्र प्रतिनिधि पठाइएको कारण बहुसंख्यक व्यवसायीको प्रतिनिधित्व हुन नसक्ने भएकाले अन्तिम समयमा व्यवसायीहरूकै आग्रहमा निर्धारित कार्यक्रमहरू रोकिएको उनले जानकारी दिए । यद्यपि, संघले पुस ५ गते साधारणसभा र निर्वाचन गर्नेगरी ३८९ जना सदस्य संस्थाबाट मात्र प्रतिनिधिहरूको नामावली प्रकाशन गरेको थियो । संघको यस्तो निर्णयको व्यवसायीले चर्को विरोध गरेका थिए ।

छुटेका व्यवसायी संस्थाहरूलाई नवीकरण गराई बहुसंख्यक व्यवसायीको प्रतिनिधित्व हुनेगरी गर्ने सहमति गर्दै माघ ६ गते संघको साधारणसभासहितको निर्वाचन गर्ने निर्णय भएका बैठकमा सहभागी एक व्यवसायीले बताए । बैठकले यसअघि निर्वाचनका लागि गठन गरिएको निर्वाचन समितिलाई नै निरन्तरता दिने निर्णयसमेत गरेको छ । माघ ६ गते हुने निर्वाचनसहितको साधारण सफल बनाउन सात दिन अगावै निर्वाचन समितिलाई मतदाता नामावली उपलब्ध गराउनुपर्ने र त्यसका लागि पुस २७ गतेभित्र प्रतिनिधि पठाउनुपर्ने जनाइएको छ ।

संघले राजनीतिक दलनिकट रहेका सबै एसोसिएसन, मञ्च र संगठनहरूलाई संस्थागतरूपमा आ-आफ्ना सदस्यहरूको प्रतिनिधित्व सुरक्षित गराउन पत्राचार गर्न आग्रहसमेत गरेको छ । संयोजक ढकालको अध्यक्षतामा बसेको बैठकमा कार्यसमिति सदस्यहरू, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन, प्रगतिशील वैदेशिक रोजगार व्यसायी मञ्च नेपाल, नेपाल वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्च, एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठन नेपाल, समाजवादी वैदेशिक रोजगार व्यवसायी संघका प्रतिनिधिहरू र संघका कानुनी सल्लाहकारको सहभागिता रहेको संघले जनाएको छ ।

यसअघि २०७८ पुस ३० गते संघमा सर्वसम्मत कार्यसमिति चयनको प्रयास विफल भएको थियो । त्यसपछि उत्पन्न विवाद उत्कर्षमा पुग्दा जिल्ला प्रशासन कार्यालय काठमाडौंमा उजुरी परेको थियो । जिप्रका काठमाडौंको समन्वयमा संघका पूर्वअध्यक्ष ढकाललाई संयोजक तोक्दै साधारणसभा तथा निर्वाचन गराउने जिम्मेवारी दिइएको थियो ।

# महिलालाई घरेलु काममा जान दिनुपर्ने माग

**काठमाडौं (प्रस)–** सरकारले महिलालाई घरेलु कामदारको रूपमा रोजगारीका लागि विदेश जान लगाएको बन्देज खुला गर्नुपर्ने माग गरिएको छ । महिला पुनःस्थापना केन्द्र (वरेक) नेपालले राजधानीमा आयोजना गरेको एक कार्यक्रममा विभिन्न संस्थाका अधिकारकर्मीले नेपाली महिलालाई घरेलु कामका लागि वैदेशिक रोजगारीमा जान दिनुपर्ने माग गरेका हुन् ।

अधिकारकर्मी इन्दु तुलाधरले पितृसत्ताले महिलामाथि आफ्नो नियन्त्रण कायम गर्न खोजेको भन्दै उनीहरूको आवागमनको स्वतन्त्रतामाथि लगाम लगाइएको बताइन् । पितृसत्तावादी सोचका कारण वैदेशिक रोजगारमा जाने महिला अझ बढी समस्यामा पर्ने गरेको उनको भनाइ थियो । उनले घरेलु श्रमिकका रूपमा वैदेशिक रोजगारमा जान चाहने महिलालाई स्वतन्त्रतापूर्वक आवागमन दिनुको सट्टा बन्देज नलगाई वैधानिक बाटो बनाउनुपर्नेमा जोड दिइन् ।

त्यस्तै कार्यक्रममा सहभागी इक्वेडेम फउण्डेसनका दक्षिण एसिया संयोजक रामेश्वर नेपालले महिलालाई जबरजस्ती नभई उनीहरूले कस्तो रोजगारीका लागि कहाँ जाने भन्ने निर्णय गर्न पाउनुपर्ने र त्यसका लागि सरकारले बाधा नगरी समन्वयकारी भूमिका खेल्नुपर्ने बताए । त्यसैगरी आइएलओ नेपालकी परियोजना संयोजक नेहा चौधरीले पनि घरेलु श्रमिकका रूपमा जान चाहने महिलाहरूका लागि गन्तव्य मुलुक खुला गर्नुपर्ने बताइन् ।

यस्तै सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जालका अध्यक्ष हरिबहादुर थापाले महिलाहरू घरेलु श्रमका लागि विदेशिनु चुनौतीपूर्ण रहेको भन्दै आवश्यक कानुनी प्रबन्ध गर्ने दायित्व सरकारको भएको बताए ।


जनहितमा जारी सन्देश



# लयमा फर्किंदै ठमेलको पुस्तक व्यापार



■ सचिना बानियाा

**काठमाडौं–** कोरोना महामारीले चौपट बनाएको पुस्तकको व्यापार राजधानीको पर्यटकीय केन्द्र ठमेलमा विस्तारै बढ्न थालेको छ। विदेशी पर्यटकलाई लक्षित गरी राखिएका पुस्तकको बिक्री बढ्न थालेको पिलग्रिम्स बुक हाउसका सञ्चालक कहानी तिवारीले बताए। भारतबाट किताब खरिद गरेर ल्याउने र नेपालमा बिक्री गरिने उनले सुनाए। पाँच-दश वर्षअघि हुने व्यापारको तुलनामा अहिले पुस्तक बिक्री छैन। तर, कोरोना महामारीपछि पाठक थपिएको पिलग्रिम्स बुक हाउसका बिक्री प्रवन्धक गौरव अवस्थीले बताए। 'अहिले स्थानीय, त्यसमा पनि युवा पाठकको संख्या कोरोना महामारीपछि थपिएको छ। पर्यटक भने यो वर्ष धेरै आएका छैनन्,' उनले भने।

पछिल्लो समय अनलाइनबाट पनि पाठकले आफूलाई मन परेको पुस्तक किन्न थालेका छन्। 'विदेशी पसलमै आउँछन्, केहीले अनलाइनबाट लिन्छन्, स्थानीय पाठक आफैं आएर हेरेर पुस्तक लैजान्छन्,' उनले भने, 'जर्मन, फ्रान्स, अमेरिका, भारतलगायत देशका पर्यटक पुस्तक खोज्न आउँछन्।' विदेशीको तुलनामा नेपाली पाठकको संख्या पनि कम छैन। अवस्थीका अनुसार नेपाली पाठकले 'सेल्फ हेल्प,' व्यवसायसम्बन्धी, बालबालिकासम्बन्धी, साहित्य, नाटक, धार्मिक, सदगुरु, ओशोको पुस्तक धेरै खोज्छन्। पर्यटकले विदेशी लेखककै पुस्तक बढी खोज्ने उनको अनुभव छ।

नेपाली लेखक बुद्धिसागरद्वारा लिखित अंग्रेजी अनुवाद 'कर्णाली ब्लुज,' पारिजातको 'शिरिषको फूल,' मन्जुश्री थापाको 'फरगेट काठमाडौं,' सम्राट उपाध्यायको 'द गुरु अफ लभ,' 'यारेस्टिङ गड इन काठमाडौं,' 'द रोयल घोस्ट'लगायतका पुस्तक विदेशी पाठकको रोजाइमा पर्छन्। थापाद्वारा लिखित 'फरगेट काठमाडौं'मा २०५८ सालमा नेपालमा भएको राजदरबार हत्याकाण्डदेखि आर्थिक संकटको विषय समेटिएका छन्। जुन नेपाली पुस्तकमध्ये पर्यटकले बढी खोज्ने किताब हो।

पिलग्रिम्समा ५० रूपैयाँदेखि १५ हजार रूपैयाँसम्म मूल्यका पुस्तक पाइन्छन्। विदेशीले किताबमा छुट नखोज्ने भन्दै नेपालीले नै बढी खोज्ने अवस्थीको भनाइ छ। साथै, अन्य किताबमा 'इकिगाइ,' 'जापनिज वे अफ लिभिङ,' व्यवसाय सफल पार्ने विषय समेटिएको 'रिच ड्याड पुअर ड्याड,' 'थिंक एण्ड ग्लोरिज,' 'द पावर अफ कन्फ्युज्ड माइण्ड,' विदेशी लेखक जोन भेक्टनद्वारा लिखित 'हिस्ट्री अफ नेपाल,' काठमाडौंमा ३० वर्ष बसोबास गरेका थोमसद्वारा लिखित 'काठमाडौं,' 'म्यासाकर रोयल प्यालेस'लगायतका पुस्तक बढी बिक्छन्।

विदेशी ग्राहक निश्चित मौसममा आउने भए पनि स्वदेशी ग्राहक बाह्रै महिना आउने ठमेलस्थित नेपाल बुक हाउसका सञ्चालक गणेशजंग कार्कीले बताए। विदेशीले पर्वतीय पदयात्रासम्बन्धी पुस्तक बढी खोज्ने भन्दै उनले स्वदेशी पाठकले साहित्य र विचार समेटिएका पुस्तकमा बढी रुचि राख्ने अनुभव सुनाए। विराटनगर स्थायी घर भएका कार्कीले विशेषगरी नेपालका पर्यटकीय क्षेत्रसम्बन्धी किताब विदेशीले रुचाउने जिकिर गरे। कार्कीको पसलमा २५० देखि २५ हजार रूपैयाँसम्म मूल्यका पुस्तक पाइन्छन्। नेपाली भाषा सिक्न चाहने पर्यटक पनि आउने भन्दै उनले पदयात्रामा प्रयोग हुने शब्द भएका किताब खोजिने बताए।

पैंतीस वर्षदेखि ठमेल बुक्स सञ्चालन गर्दै आएकी अञ्जनी अग्रवालले 'सेकेण्ड हयाण्ड' पुस्तकको व्यापार गर्छिन्। अनलाइनमार्फत पुस्तक बिक्री हुन थालेसँगै आफ्नो व्यापार घटेको उनको तर्क थियो। कतिपय विदेशीले त उनको पसलमा किताब बिक्री गर्न ल्याउने अग्रवालले सुनाइन्। पर्यटकले नेपालका धामी झाँक्री, मौरीपालन, इतिहासलगायत पदयात्रामा उपयोगी हुने पुस्तक खोज्ने गरेको उनले बताइन्। पछिल्लो समयमा व्यापार नभएको भन्दै अग्रवालले सटर भाडा तिर्न गाह्रो भइरहेको गुनासो गरिन्। ठमेलमा अहिले विदेशी पर्यटक आउने मौसम नभए पनि अंग्रेजी नयाँ वर्ष र क्रिसमसले केही चहलपहल देखिएको ठमेल पर्यटन परिषद्का अध्यक्ष भवी शर्माले बताए। *रासस*

# स्ववियु निर्वाचन फागुन २८ मा गर्ने तयारी

**काठमाडौं (प्रस)–** त्रिभुवन विश्वविद्यालयले स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचन आगामी फागुन २८ गते तयारी गरेको छ। त्रिवि विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका निर्देशक पशुपति अधिकारीले त्रिवि पदाधिकारी, विभाग, संस्थान, नौवटै संकायका डीन र परीक्षा नियन्त्रकसँगको छलफलमा आगामी फागुन २८ गते नै तय गर्ने गरी त्रिवि अगाडि बढेको बताए।

'हामीले त्रिवि पदाधिकारी, नौवटै संकायका डीन र परीक्षा नियन्त्रकसँग स्ववियु निर्वाचन गर्नका लागि उपयुक्त मितिका लागि छलफल गर्‍यौं,' उनले भने, 'परीक्षा र भर्नालगायत सबै प्रक्रिया सकिने भएकाले नै स्ववियु निर्वाचन गर्ने फागुन २८ गते हामीलाई उपयुक्त समय लागेको छ, हामी सोही मितिको प्रस्ताव विद्यार्थी संगठनसँग गर्छौं।'

स्ववियु निर्वाचनको मिति प्रस्ताव गर्नका लागि यही पुस ११ गते विद्यार्थी संगठनका अध्यक्षको बैठक बोलाइएको छ। निर्देशनालयका निर्देशक अधिकारीले उक्त मितिका लागि त्रिवि पूर्ण तयार भइसकेकोले विद्यार्थी संगठनसँग छलफल गरिने बताए। उनले भने, 'विद्यार्थी संगठनले उक्त मितिमा सहमति जनाए हामी निर्वाचनको मिति घोषणा गरेर निर्वाचन प्रक्रियामा जान्छौं।' त्रिविले स्ववियु निर्वाचन गर्न पटकपटक पहल गरे पनि हुन सकेको छैन।

विद्यार्थी संगठनले फागुन २८ गते सहमति गरे भने विद्यार्थी कल्याण परिषद् बैठकले मिति तोक्नका लागि त्रिवि कार्यकारी परिषद्मा सिफारिस गर्नेछ। त्यसपछि त्रिविको कार्यकारी परिषद्को बैठकले स्ववियु निर्वाचनको मिति घोषणा र स्ववियु निर्वाचन केन्द्रीय अनुगमन समन्वय समिति बनाउने उनले जानकारी दिए।

त्रिविका क्याम्पसमा विगत एक दशकदेखि स्ववियु निर्वाचन हुन सकेको छैन। प्रत्येक दुई/दुई वर्षमा हुने निर्वाचन २०६५ साल यता नियमित हुन सकेको छैन। २०६५ चैत ६ गतेपछि एकै पटक आठ वर्षमा २०७३ चैत १५ गते भएको थियो।

## आलोपालो प्रधानमन्त्री...

पृष्ठ १ बाट जारी

सहमति भएको छ। देउवा र दाहालले समान दुई-दुई वर्ष र नेपालले एक वर्ष प्रधानमन्त्री भएर सरकार चलाउने सहमति भएको ती नेताको दाबी छ। तर, यसबारे सरकारका प्रवक्तासमेत रहेका कांग्रेस नेता कार्कीले केही खुलाएनन्।

सत्ता गठबन्धनका नेताहरू राष्ट्रपति भण्डारीले यही ३ पुसमा सरकार गठनका लागि आह्वान गरेदेखि नै प्रधानमन्त्रीसहितको शक्ति बाँडफाँटमा केन्द्रित छन्। प्रधानमन्त्रीकै विषयले भने सरकार गठनको हलो अड्केको छ। कांग्रेस पहिलो दल भएको आधारमा देउवाले प्रधानमन्त्री दाहाललाई छाड्न मानिरहेका छैनन्। उनलाई पार्टीभित्रबाट पनि प्रधानमन्त्री र राष्ट्रपति दुवै पद कांग्रेसले नै लिनुपर्ने दबाब छ।

दाहाललाई पनि पार्टीबाट जुनसुकै हालतमा पहिलो चरणमै प्रधानमन्त्री बन्नेगरी पहल गर्न दबाब छ। किनभने, पहिलो चरणमा प्रधानमन्त्री हुनेले दुई वर्ष ढुक्कसँग सरकारको नेतृत्व गर्नेछ। कारण- दुई वर्षसम्म संसद्मा प्रधानमन्त्रीविरुद्ध अविश्वासको प्रस्ताव दर्ता गर्न मिल्दैन। त्यही भएर ढुक्कले दुई वर्षसम्म सरकार चलाउन देउवा र दाहालको रस्साकस्सी चलेको हो।

देउवा छैटौंपटक प्रधानमन्त्री बन्ने दाउमा छन्। तर, पटक-पटक प्रधानमन्त्री भए पनि जनताले सम्झनालायक काम गर्न नसकेको भनेर उनी आलोचित छन्। तैपनि उनी प्रधानमन्त्री हुने दौडबाट बाहिर निस्किन खोजिरहेका छैनन्। दाहालले भने तेस्रोपटक प्रधानमन्त्री हुने खोजेका हुन्। परिस्थिति सहज नभए पनि उनको जोडबल प्रधानमन्त्री बन्नेमै छ।

सत्ता गठबन्धनमा कांग्रेस, माओवादी, एकीकृत समाजवादी र राष्ट्रिय जनमोर्चा रहेका छन्। चुनावी गठबन्धनमा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) पनि सहभागी भएको थियो। गत मंसिर ४ को निर्वाचनबाट प्रतिनिधिसभामा कांग्रेसले ८९, माओवादीले ३२, एकीकृत समाजवादीले १०, लोसपाले चार र जनमोर्चाको एक सिट जितेका छन्। संसद्मा यो गठबन्धनको कूल १३६ सिट छ। सरकार गठन गर्न थप दुई सिट चाहिन्छ।

त्यसैले ६ सिट भएको नयाँ दल जनमत पार्टी र चार सिट भएको नागरिक उन्मुक्ति पार्टीलाई सरकारमा ल्याउने प्रयासमा सत्ता गठबन्धन सक्रिय छ। ती दुवै दल गठबन्धनसँग सहकार्य गर्न इच्छुक देखिएका छन्। यस आधारमा गठबन्धनलाई सरकार बनाउन आवश्यक सांसद संख्या पुग्ने अवस्था छ। तर, राष्ट्रपति भण्डारीले सरकार गठनका लागि दिएको समय घर्किन लाग्दासम्म प्रधानमन्त्री को बन्ने भन्ने विषयमा गठबन्धन अनिर्णित भएको छ।

संसद्को दोस्रो ठूलो दल नेकपा एमालेको ७८ सिट छ। राष्ट्रिय स्वतन्त्र पार्टीको २०, राष्ट्रिय प्रजातन्त्र पार्टीको १४, जनता समाजवादी पार्टी (जसपा)को १२ सिट र नेपाल मजदुर किसान पार्टीको एक सिट छ। स्वतन्त्र सांसद चार जना छन्।

संसद्मा सरकार गठनका लागि सहज गणित भने कांग्रेस-एमालेको हो। यी दुई दलको जोड्दा संसद्मा १६७ हुन्छ। यो स्पष्ट बहुमत हो। तर, यी दुई दल मिलेर सरकार गठन गर्ने सम्भावना न्यून छ। दोस्रो संविधानसभामा भने त्यसबेलाका पहिलो दल कांग्रेस र दोस्रो दल एमालेले सरकार गठन गरेका थिए। दाहाल नेतृत्वको माओवादीलाई सत्ताबाहिर राखिएको थियो। अहिले पनि कतिपयले कांग्रेस-एमाले मिलेर सरकार गठन गरे सरकार स्थिर हुनसक्ने बताउँदै आएका छन्। तर, तत्काल दुई दल मिलेर सरकार गठन गर्ने सम्भावना देखिएको छैन।

यसबीच कांग्रेस र माओवादीले सरकार गठनका लागि छुट्टाछुट्टै हस्ताक्षर संकलन गरेका छन्। राष्ट्रपतिले दिएको समयमै प्रधानमन्त्रीमा दाबी पेस गर्न कांग्रेसले शुक्रबार र शनिबार पार्टीका सांसदहरूको हस्ताक्षर संकलन गरेको सहमहामन्त्री भीष्मराज आङ्देम्बेले बताए।

माओवादीले पनि गठबन्धनबाट पहिलो कार्यकाल सरकारको नेतृत्व गर्ने मनसायका साथ आफ्ना सांसदहरूको हस्ताक्षर संकलन गरिसकेको छ। पुस ७ मा बसेको संसदीय दलको बैठकमा सांसदहरूलाई प्रधानमन्त्रीमा दाबी प्रस्तुत गर्ने क्रममा पेस गर्नका लागि हस्ताक्षर संकलन गरिएको एक नेताले बताए।

# नेपाली दूतावासको 'मनी अर्डर' र 'क्यासियर चेक' लुटियो

**काठमाडौं (प्रस)–** अमेरिकाको वासिङ्टन डिसीस्थित नेपाली दूतावासको सवारीसाधनमा लुटपाट भएको छ। त्यहाँस्थित नेपाली दूतावासले एक सूचना जारी गर्दै अमेरिकाको डालास, अस्टिन र हयुस्टनमा सञ्चालित कन्सुलर सेवा शिविरबाट संकलित 'मनी अर्डर' र 'क्यासियर चेक' लुटिएको जानकारी दिएको छ।

दूतावासले डिसेम्बर १५ देखि २० सम्म टेक्सासको डालस, अस्टिन र हयुस्टन सहरमा आयोजना गरेको कन्सुलर सेवा शिविरमा सेवाग्राहीले शुल्कबापत बुझाएको मनी अर्डर र क्यासियर चेकसहित दूतावासका कर्मचारीहरू २२ डिसेम्बरमा हयुस्टनबाट बासिंटन डिसीतर्फ गइरहेका थिए। त्यसक्रममा बिहीबार दिउँसो १२ बजे पार्किङमा राखिएको दूतावासको सवारीसाधन तोडफोड गरी लुटिएको हो।

उक्त घटनापछि तत्काल 'हयुस्टन पुलिस डिपार्टमेन्ट' तथा 'डिप्लोमेटिक सेक्युरिटी डिभिजन'लगायतका सुरक्षा निकायमा उजुरी गरी लुटिएको मनी अर्डर र क्यासियर चेक फिर्ता लिने प्रयास भइरहेको दूतावासले जनाएको छ।

सेवाग्राहीको नजिकै गई सेवा प्रवाह गर्ने क्रममा भएको यो घटनाको अनुसन्धान गरी लुटिएको राजस्व रकम फिर्ता गर्ने कार्यमा सहयोग गर्न दूतावासले अपिल गरेको छ। त्यस्तै त्यसरी लुटिएका मनी अर्डर र क्यासियर चेक रद्द गर्नका लागि पनि दूतावासले आग्रह गरेको छ।

'कन्सुलर सेवा शिविरबाट सेवा प्राप्त गर्ने सबै सेवाग्राहीहरूले सेवा प्राप्त गर्दा पेस गर्नुभएको मनी अर्डर वा क्यासियर चेक यदि रद्द गर्न सम्भव भएमा आफूले मनी अर्डर वा क्यासियर चेक बनाएको सम्बन्धित स्टोर वा बैंकमा गई तत्काल ती रद्द गर्न अनुरोध छ,' दूतावासले जारी गरेको सूचनामा भनिएको छ।



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

पुस १० गते, आइतबार

पुष शुक्ल द्वितीया पञ्चाङ्ग: व्याघात कौलव उत्तरषाढा

| | |
|---|---|
| **मेष** | आज नसोचेको ठाउँबाट धनागम हुनेछ। |
| **वृष** | साँझमा रमाइलो यात्रा पनि हुन सक्छ। |
| **मिथुन** | आज मनमा ठूलो उत्साह र उमङ्गको सिर्जना हुनेछ। |
| **कर्कट** | आज कलासाहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ। |
| **सिंह** | कुनै कुराले शान्ति छाउनेछ। |
| **कन्या** | आज नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला। |
| **तुला** | दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ। |
| **वृश्चिक** | आज नयाँनयाँ व्यक्तिहरूसित सम्पर्क हुनाले भाग्य बढ्नेछ। |
| **धनु** | आज मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ। |
| **मकर** | यात्रामा विघ्नबाधा आइलाग्नेछ, खानामा गडबडी हुन सक्नेछ। |
| **कुम्भ** | विशिष्ट व्यक्तिको सहयोग पाइनेछ। |
| **मीन** | सौन्दर्यतामा धन खर्च पनि हुन सक्छ। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) | ४२५५५४०/४२५५५४१ |
| भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध


| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

पुस १० गते, २०७९, २५ डिसेम्बर २०२२

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.३० | १३२.९० |
| युरो | १ को | १४०.०३ | १४०.६६ |
| पाउन्ड स्टर्लिङ | १ को | १६०.६५ | १६१.३७ |
| स्विस फ्रैन्क | १ को | १४१.६९ | १४२.३४ |
| अस्ट्रेलियन डलर | १ को | ८८.४४ | ८८.८४ |
| क्यानाडियन डलर | १ को | ९६.५६ | ९६.९९ |
| सिंगापुर डलर | १ को | ९७.३५ | ९७.७९ |
| जापानी येन | १० को | ९.६८ | ९.७२ |
| चिनियाँ युआन | १ को | १८.९७ | १९.०६ |
| साउदी अरब रियाल | १ को | ३५.१८ | ३५.३४ |
| कतारी रियाल | १ को | ३६.०२ | ३६.१९ |
| थाई भाट | १ को | ३.८० | ३.८१ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.०२ | ३६.१८ |
| मलेसियन रिंगेट | १ को | २९.९० | ३०.०४ |
| दक्षिण कोरियन वन | १०० को | १०.१० | १०.१५ |
| स्विडिस क्रोनर | १ को | १२.७१ | १२.७६ |
| डेनिस क्रोनर | १ को | १८.८३ | १८.९१ |
| हङकङ डलर | १ को | १७.०० | १७.०७ |
| कुवेती दिनार | १ को | ४३१.५१ | ४३३.४६ |
| बहराइन दिनार | १ को | ३५०.९३ | ३५२.५२ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।



**काठको अस्थायी पुल** म्याग्दीको अन्नपूर्ण गाउँपालिका–२ भुरुंग–तातोपानी र वडा नम्बर ५ को पाउद्वार तातोपानी कुण्ड जोड्न कालीगण्डकी नदीमा हालिएको काठको अस्थायी पुल (साँघु)। *तस्बिरः सन्तोष गौतम/रासस*

# चिसोले पूर्वाधार निर्माणमा समस्या

**मनाङ (प्रस)**– चिसो बढ्दै गएपछि हिमाली जिल्ला मनाङमा विकास निर्माणका कार्यमा समस्या भएको छ। चिसो बढेसँगै माथिल्लो मनाङको विभिन्न पूर्वाधार निर्माणमा बाधा पुगेको हो।

गत वर्ष निरन्तरको वर्षाले क्षति पुऱ्याएको भौतिक संरचना निर्माणका कार्य रोकिएको पूर्वाधार कार्यालयले जनाएको छ। विशेषगरी माथिल्लो मनाङको सडक, पुल, जलविद्युत्लगायत विकास निर्माणका काम रोकिएका प्रमुख जिल्ला अधिकारी रवीन्द्रप्रसाद आचार्यले बताए। 'सदरमुकाम चामे, नासों गाउँपालिका क्षेत्रमा केही निर्माण भइरहेको छ। तर, डिस्याङ र नार्पाभूमि गाउँपालिकामा विकास निर्माण तथा पूर्वाधारको कार्य रोकिएको छ,' उनले भने।

चिसोका कारण अहिले जिल्लाका चामे, नासों, नार्पाभूमि र डिस्याङ गाउँपालिकामा विकास निर्माणका काम गर्न नसकिएको पूर्वाधार विकास कार्यालयका इन्जिनियर जय विष्टले बताए। 'हिउँका कारण माथिल्लो मनाङतर्फको पूर्वाधार निर्माणका काम गर्न कठिन छ। यहाँको काम वर्षमा जम्माजम्मी तीन महिना मात्रै हुन्छ,' उनले भने।

मनाङको मेरुदण्डका रूपमा रहेको चामे-बेँसीसहर सडकखण्डको निर्माण कार्य पनि मौसम प्रतिकूलताका कारण रोकिएको उनले बताए। प्रायःजसो मनाङको विकास निर्माणको काम गर्न सकिने अवस्था नरहेको उनले बताए। उक्त सडकखण्ड निर्माणका लागि बहुवर्षीय योजनाअन्तर्गत वार्षिकरूपमा बजेट विनियोजन हुँदै आएको छ। मनाङको सहज यातायातका लागि सरकारले विशेषरूपमा सडक निर्माण तथा विकास निर्माणका लागि बजेट विनियोजन गर्दै आएको छ।

विपद्ग्रस्त जिल्लालाई समावेश गरेर संघ सरकारमार्फत विपद् व्यवस्थापन विभागबाट तीन करोड १४ लाख रूपैयाँ विनियोजन भएपछि तालगाउँको संरक्षणका लागि तटबन्धन निर्माणको काम भइरहेको पूर्वाधार कार्यालयले जनाएको छ। मनाङको तिमाङमा २२ करोड रूपैयाँको लागतमा सडक ढलानको काम अन्तिम चरणमा पुगेको छ। निर्माण कार्य सकिने अवस्थामा चिसो सुरु भएपछि केही ढिलाइ हुने भएको छ।

सडकखण्डअन्तर्गतको जोखिम क्षेत्रको मर्मतसम्भारका लागि छ/छ करोड रूपैयाँमा नाना कन्सल्टेन्सीले ठेक्का लिएको डुम्रे-बेँसीसहर-चामे सडक योजना कार्यालयले जनाएको छ। आगामी पाँच वर्षको अवधिमा डुम्रे-बेँसीसहर-चामे सडकखण्डलाई चौडा, कालोपत्र, पक्की नालासहित सुरक्षित बनाउने योजनासहित बजेट विनियोजन भएको डुम्रे-बेँसीसहर-चामे सडक योजना रहेको कार्यालयले जनाएको छ।

## एकीकृत घुम्ती सेवामार्फत घर आँगनमै सेवा

**तनहुँ (प्रस)**– तनहुँको व्यास नगरपालिकाले यही पुस ११ गतेदेखि पुस २० सम्म एकीकृत घुम्ती सेवामार्फत नगरवासीलाई घर आँगनमै पुगेर सेवा दिने भएको छ।

सामाजिक सुरक्षा भत्ता कार्ड वितरण र पञ्जीकरण एकाइबाट व्यक्तिगत घट्ना दर्ताको व्यवस्था मिलाइएको व्यासका प्रमुख प्रशासकीय अधिकृत हरिराम नागिलाले जानकारी दिए। योजना सम्झौता तथा किस्ता सिफारिस, बालीमा देखापर्ने रोगको जैविक बिषादी, तरकारीका उन्नत बीउ वितरण र कृषकलाई प्राविधिक परामर्श प्रदान गरिने छ।

विशेषज्ञ चिकित्सकबाट स्वास्थ्य, पाठेघरको मुख र स्तन क्यान्सर, औलो रोग, मधुमेह, उच्च रक्तचापलगायत परीक्षण गरिनेछ।

# दिक्तेल–गाईघाट सडक कालोपत्रको ठेक्का तोडियो

■ केदार मगर

**खोटाङ**– सगरमाथा राष्ट्रिय राजमार्गअन्तर्गत पर्ने गाईघाट-दिक्तेल सडकखण्डको दुई वटा प्याकेज (खण्ड) कालोपत्रको ठेक्का तोडिएको छ। ठेकेदार कम्पनीको लापारवाहीका कारण वर्षौंदेखि काम अलपत्र परेपछि खोटाङको फोक्सिङटार-सिम्पानी र उदयपुरको अँधेरीखोला-फोक्सिङटार सडकखण्डको ठेक्का तोडिएको हो।

करिब ५५ करोड ८७ लाख रूपैयाँ लागतमा २०७७ साउन १० गतेभित्र सक्नेगरी २०७३ साउन ११ गते सम्झौता गरे पनि कालोपत्रको काम अपूरै राखेकाले ठेकेदार कम्पनीसँगको ठेक्का सम्झौता तोडिएको गाईघाट-दिक्तेल सडक योजना कार्यालय उदयपुरका योजना प्रमुख गोपालप्रसाद खकुरेलले बताए।

योजना प्रमुख खकुरेलका अनुसार खोटाङको फोक्सिङटार-सिम्पानी (२६ किलोमिटर) कालोपत्रको काम ठेक्का लिएको निर्माण कम्पनी देवनारायण पवन/मैनाचुली/खाम्पाचे जेभीसँगको ठेक्का सम्झौता तोडिएको हो।

त्यस्तै उदयपुरको अँधेरीखोला-फोक्सिङटार सडकखण्डको ठेक्का सम्झौता पनि तोडिएको जनाइएको छ। मैनाचुली-शिद्धिसाइ प्रकाश जेभीले करिब ११ करोड १७ लाख रूपैयाँको लागतमा २०७८ चैत २८ गतेसम्म कालोपत्र सम्पन्न गर्नेगरी २०७५ भदौ १४ गते ठेक्का सम्झौता गरेको थियो। कालोपत्रका लागि ठेकेदार कम्पनीलाई पटक-पटक ताकेता गर्दा पनि बेवास्ता गरेकाले ठेक्का तोडिएको खकुरेलले बताए। गाईघाट-दिक्तेल सडकअन्तर्गतकै सिम्पानी-माहुरे (२३ किलामिटर) सडकखण्डको कालोपत्र गर्ने काममा पनि ठेकेदार कम्पनीको ढिलासुस्ती भएको स्थानीय बासिन्दाले बताएका छन्।

२०७७ असार २९ गते सक्नेगरी २०७३ असार २० गते सम्झौता भएको थियो। उक्त योजनाको फेरि आगामी असार मसान्तसम्ममा म्याद थपिएको खोटाङका प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाईंले बताए।

सडक कालोपत्रको काममा चरम ढिलासुस्ती भएको, भएका काम पनि गुणस्तरहीन भएको र सडकमा कार्यरत कामदारले वर्षौंसम्म पनि पारिश्रमिक नपाएको विरोधमा स्थानीय बासिन्दाले २०७६ पुस २० गतेदेखि महिना दिन सडकको काम ठप्प बनाएका थिए। उक्त सडक कालोपत्रको काममा सहभागी स्थानीय कामदारले अझै पनि पारिश्रमिक तथा होटल र पसलको भुक्तानी पाउन बाँकी रहेको दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-१४ बुइँपाका वडाध्यक्ष दिनेश राईले बताए।

जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेल बजारबाट पूर्वी तराईका विभिन्न जिल्ला जोड्ने सबैभन्दा छोटो मार्गको सडक कालोपत्रको ठेक्का तोडिएपछि निर्माणाधीन सडक अलपत्र परेको छ। तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीले २०५१ सालमा शिलान्यास गरेको दिक्तेल-गाईघाट सडक निर्माण गरेको २८ वर्षसम्ममा पनि कालोपत्र नहुँदा हिउँदको समयमा करिब छ महिनामात्र सञ्चालन हुँदै आएको छ।

दिक्तेल-गाईघाट १४२ किलोमिटर सडकमध्ये १०१ किलोमिटर सडकखण्ड कालोपत्र गर्न तत्कालीन अर्थमन्त्री विष्णु पौडेलले २०७३ सालमा दुई अर्ब ६८ करोड रूपैयाँ बजेट विनियोजन गरेका थिए। ठेकेदार कम्पनीले अलपत्र पारेको उक्त सडक कहिले, कसले कालोपत्र सम्पन्न गर्ने भन्ने अन्योलता सिर्जना भएको छ।

दिक्तेल-गाईघाट सडकखण्डको फोक्सिङटारस्थित सुनकोसीमा निर्माणाधीन पक्की पुल बिहीबारबाट सञ्चालनमा ल्याइएको छ। फोक्सिङटारमा निर्माणाधीन मोटरेवल पक्की पुल सञ्चालनमा आएसँगै जिल्लाको आर्थिक क्रियाकलापदेखि विकास निर्माणमासमेत सहजता हुने अपेक्षा गरिएको उद्योग वाणिज्य संघ खोटाङका अध्यक्ष उपिनकुमार राईले बताए।

सुनकोसीमा मोटरेवल पक्की पुल नहुँदा करिब छ महिना पूर्वी तराईसँगको सीधा सम्पर्कविच्छेद हुँदै आएको थियो। फोक्सिङटारमा मोटरेबल पक्की पुल सञ्चालनमा आए पनि निर्माणाधीन सडकको काम पूरा हुने अवस्था छैन।

हिउँदमा धुलो र वर्षामा हिलोका कारण करिब छ महिना अवरुद्ध हुँदै आएको उक्त सडकखण्डमा पक्की पुल बने पनि उपयोगविहीन हुने देखिन्छ। फोक्सिङटार पुल निर्माणमा ढिलासुस्ती हुँदा सात वर्षदेखि अस्थायी बेलिब्रिज जडान गर्ने तथा फिक्नेक्रममा राज्यकोषको करोडौं रकम खर्च भएको थियो। *रासस*

# दुई दशकपछि कोसीटप्पु क्षेत्रमा ठूलो सिलसिले हाँस

■ विवेक मिश्र

बेलबारी- दुई दशकपछि कोसीटप्पु वन्यजन्तु आरक्ष क्षेत्रमा पुनः ठूलो सिलसिले हाँस फेला परेको छ। सन् २००० मा अन्तिमपटक समूहमा देखिएको उक्त हाँस प्रजातिको चरा २२ वर्षपछि एकल संख्यामा देखिएको हो। असोजदेखि नेपाल आउने हिउँदे पर्यटक चरा पुससम्म आउने क्रम जारी रहन्छ र चैत महिना लागेसँगै आफ्नै गन्तव्य स्थान फर्कने गर्दछन्।

सुनसरी, सप्तरी र उदयपुर जिल्लाको संगमस्थलमा रहेको कोसीटप्पु वन्यजन्तु आरक्ष नेपालमा चराको राजधानीजस्तै बनेको छ। देशभरि पाइने ८८८ चरामध्ये हाल यहाँ ५३१ चरा फेला परिसकेका छन्।

यसै वर्ष पनि करिब ७० प्रजातिका चरा कोसीटप्पु आइसकेका छन् तर विगतका वर्षहरूमा यतिखेरसम्ममा सयभन्दा बढी प्रजातिका चरा आइसक्ने गरेको चराविज्ञ अनिश तिम्सिना बताउँछन्। 'अझै चरा आउने समय बाँकी रहेता पनि विगत वर्षको तुलनामा कमी आएको छ,' तिम्सिना बताउँछन्। ठूलो सिलसिले हाँसजस्तै अन्य थुप्रै चरा कोसीटप्पु वन्यजन्तु आरक्ष क्षेत्रमा आउन छाडिसकेका छन्। प्रजातिका हिसाबले प्रतिनिधिमूलक उपस्थिति रहेता पनि संख्यात्मक हिसाबले बाहय पर्यटक चराको उपस्थिति घट्नुले चिन्तित बनाएको तिम्सिना बताउँछन्। राज्यका स्थानीय तहले जैविक विविधता महत्त्वपूर्ण



पाटो हो भन्ने बुझेर काम गरिदिन जरुरी रहेको तिम्सिना बताउँछन्।

'मानव बस्ती र मानवीय व्यवहारले हैरानी खेप्नु नै मुख्यरूपमा पर्यटक चरा आउन ह्रास भएको हुनसक्छ,' कोसीटप्पु वन्यजन्तु आरक्ष मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति अध्यक्ष राजकुमार सिंहले बताए। उनका अनुसार सिमसारमा ढपक्कै ढाकिएको जलकुम्भी, 'म्याइकेनिया'जस्ता वनस्पतिले हाँस प्रजातिका चरालाई असर गरेको र सिमसार आसपासका क्षेत्रमा विषादीको प्रयोगले जोखिम रहेको छ। बगेको पानीभन्दा जमेको पानीमा बस्न रुचाउने हाँस प्रजातिका चरा माछा मार्न आउने मान्छेसँग डराएर भाग्ने गरेका छन्। आरक्ष क्षेत्रमा लाइसेन्स लिएर माछा मार्न अनुमति दिने गरिएको छ जसको जोखिम चरालाई परेको छ। चरालाई उचित वासस्थान र पर्याप्त आहराको कमी अर्को समस्या रहेको छ।

उत्तरी ध्रुवमा हिमपातको सुरुआतसँगै हिउँद यामको बढ्दो जाडो छल्न नेपालका तल्लो हिमाली भेग, पहाड र तराईका विभिन्न भूभाग तथा ताल, तलैया र नदी आसपासमा हजारौं पर्यटक चरा बसाइँसरी आउँछन्। बर्सेनि करिब १५० प्रजातिका चरा रुस, किर्गिस्तान, तुर्किमिनिस्तान, उज्ज्वेकिस्तान, अजरवैजान, चीन, मंगोलियाका साथै युरोप, कोरिया तथा तिब्बती क्षेत्रबाट नेपालमा आउने गरेको तथ्यांक छ। करिब ५० प्रजातिका बटुवा चरा नेपालको बाटो हुँदै भारत, पाकिस्तान र श्रीलंकातिर जान्छन्। जाडो छल्न आउने हिउँदे आगन्तुक चरा नेपालका प्रमुख सिमसार क्षेत्र कोसीटप्पु वन्यजन्तु आरक्ष, चितवन राष्ट्रिय निकुञ्ज, बिसहजारी, जगदिशपुर, घोडाघोडी ताल, शुक्लाफाँटा वन्यजन्तु आरक्ष तथा कोसी, गण्डकी, नारायणी नदी र त्यसका सहायक नदीमा नै प्रायः रहने गर्दछन्। यसरी जाडो याममा नेपालमा बसाइँ सरेर आउने चराको अधिकांश हिस्सा हाँस प्रजातिले ओगट्छन् भने अन्य प्रजातिमा सिकारी तथा मांसाहारी चरा, चाँचर, साना फिस्टा, अर्जुनक, झयाप्सी, भद्राई आदि पर्दछन्।

दक्षिणी मुलुक र अफ्रिकाबाट हजारौं ग्रिष्मकालीन आगन्तुक चरा बच्चा कोरल्न नेपाल आउने गर्दछन्। यी चरा असोजसम्ममा आफ्ना बच्चा हुर्काएर पुरानै वासस्थानमा फर्कन्छन्। यसरी आउने करिब ६० प्रजातिका चराको अधिकांश हिस्सा कोइली प्रजातिको हुन्छ। नेपालमा पाइने १९ प्रजातिका कोइलीमध्ये १५ प्रजातिले त आफ्नो गुँड नै बनाउँदैनन् र आफ्नो अण्डा अरु चराको गुँडमा पार्दिन्छन्। उक्त चराले आफ्नै सन्तान ठानेर कोइलीको बच्चालाई हुर्काउँछ। नेपाल आउने अन्यमा मुरलीचरी, गाजले सुनचरी, स्वर्गचरी, चित्रक पिट्टा, कटुस टाउके आदि रहन्छन्। ग्रीष्मकालीन आगन्तुक चराको मुख्य वासस्थान भने वन र यस आसपासका घाँसे मैदान तथा कृषि भूमि हुन्। *रासस*


## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०७९/०९/१०

यस कम्पनीको मिति २०७९/०८/२५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **पाणिनी सारु निर्माण सेवा प्रा.लि. (प्रा.लि. नं. ३०२९४९)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०९/०३ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **पाणिनी सारु निर्माण एण्ड सप्लायर्स प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

## बिमालेख हरायो

मिति २०७९/०८/०१ गते, धुम्बाराईबाट चाबहील जाने क्रममा मेरो निम्न व्यहोरा भएको बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु।

नाम : उमेश प्रसाद अधिकारी
विमालेख नं : १०७०१३४४
(नेपाल लाइफ इन्स्योरेन्स)
ठेगाना : काठमाडौं
सम्पर्क नं : ९८५१०९४९५४

## जापानमा वैदेशिक रोजगारको अवसर

कम्पनी : THE MIE KUMANO-KODO SOCIETY OF COMMERCE AND INDUSTRY

पूर्व स्वीकृति मिति : २०७९/०८/१६ पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/०८ LT. No. 277075 चलानी नं. ६०१९२६४१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव Yen | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOUR | 0 | 3 | 165042 | १५,९३२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः ५०,०००/-

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ पौष १७ गते (1St Jan. 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

Google Overseas Pvt. Ltd.
श्रम ईजाजत नं. ६३१/०६३/०६४

**Google Overseas Pvt.Ltd**
New Town Planing Airport-9, Kalimatidole, Ktm, Nepal
Phone No.+977-01-4487063 Fax : +977-01-4465296
E-mail : info@googleoverseas.com Website : www.googleoverseas.com



## Invitation for Bids

**Pachrauta Municipality, Bara**

**Invitation for Bids No.: NCB/PMUN/06/2079/080**

**Date of publication: 25-12-2022 01:00**

1. Pachrauta Municipality, Bara invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of Construction Of Angle,gate and Tar kata upon compound wall of shree ne.ra.ma.bi.benauli-7 under National Competitive Bidding procedures.
   The estimated amount for the works is Rs. (in NRs) 4119585.41 (Exclusive of VAT and Contingencies)
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Pachrauta Municipality, Bara, Madhesh Pradesh, Nepal or may visit PPMO website *www.bolpatra.gov. np/egp*.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site *www.bolpatra.gov.np./egp,*. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank: NMB Bank Ltd.**
   **Name of Office: Pachrauta Municipality, Bara**
   **Office Code no:**
   **Office Account no: GA.1.1-1140083164100010**
   **Rajaswa (revenue) Shirshak no.:**
4. Pre-bid meeting shall not be held.
5. Sealed or electronic bids must be submitted to the office Pachrauta Municipality, Bara, Madhesh Pradesh, Nepal by hand/courier or through PPMO website *www.bolpatra.gov.np/egp* on or before 24-01-2023 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 24-01-2023 14:00 at the office of Pachrauta Municipality, Bara, Madhesh Pradesh, Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs. 123600.0, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## कोभिड संक्रमणको जोखिमप्रति सजक बनौं

कोरोना भाइरस (कोभिड-१९)को महामारीबाट प्रभावित जनजीवन र थलिएको अर्थतन्त्र विस्तारै लयमा फर्कनै लाग्दा फेरि संक्रमणको जोखिम बढेको छ। छिमेकी मुलुक चीनमा नयाँ भेरियण्ट 'बिएफ-७' को संक्रमणले व्यापकता पाएको छ । त्यहाँ पछिल्लो समय दैनिक संक्रमणदर उच्च बन्दै गएको तथ्यांक छ । यता भारतमा पनि नयाँ भेरियण्टको संक्रमण बढ्दै गएको छ। विश्वका अन्य मुलुकमा पनि संक्रमण बढ्न थालेको तथ्यांकमा देखिन्छ। यसले नेपालमा पनि संक्रमण फैलिनसक्ने जोखिम बढाएको हो।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले संक्रमणको जोखिम बढेको भन्दै स्वास्थ्यका मापदण्ड पालना गर्न आग्रह गरेको छ । मन्त्रालयले सार्वजनिकस्थलमा अनिवार्य मास्क लगाउन र भौतिक दूरी कायम गर्न अनुरोध गरेको छ । साथै, स्यानिटाइजरको प्रयोग गर्ने, नियमितरूपमा साबुन पानीले हात धुनेलगायत स्वास्थ्यका सबै मापदण्ड अनिवार्य पालना गर्न आग्रह गरिएको छ । मन्त्रालयका अनुसार नेपालमा हालसम्म नयाँ भेरियण्ट 'बिएफ-७' पुष्टि भइसकेको छैन । तर, चीन र भारतमा उक्त भेरियण्टको संक्रमण बढ्दै गएकाले खुला सिमाना र आवतजावतका कारण जोखिम रहेको मन्त्रालयद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

यता गृह मन्त्रालयले पनि कोभिड-१९ को संक्रमण नेपालमा कम भए पनि विश्वव्यापीरूपमा हेर्दा छिमेकी राष्ट्रलगायत केही देशहरूमा संक्रमणका नयाँ भेरियन्ट देखापरेकाले त्यसको जोखिम तथा असर नेपालमा पनि पर्न सक्ने अवस्थाप्रति सजग हुन अनुरोध गरेको छ। मन्त्रालयले जिल्लास्थित सुरक्षा समिति, स्वास्थ्य कार्यालय, स्थानीय तहलगायत सरोकारवाला निकायको समन्वयमा सार्वजनिक यातायातका साधन तथा बढी भीडभाड हुने स्थानमा मास्क तथा स्यानिटाइजरको प्रयोग गर्ने व्यवस्था मिलाउन आग्रह गरेको छ ।

कोरोना संक्रमणले पुऱ्याएको क्षति अपूरणीय रहेकोमा सबै जानकार नै छ। समयमा सतर्कता अपनाउँदा मुलुकले बेहोर्नुपरेको जन धनको क्षतिबाट सिकेको पाठलाई बिर्सनु हुँदैन । विगतमा गरिएको गल्ती सरकार, सरोकारवाला निकाय र हामी जनता स्वयंले पनि भुल्नु हुँदैन। त्यसैले बढ्दै गएको संक्रमणको जोखिमतर्फ सबै सजग बन्न आवश्यक छ। कोरोना संक्रमणबाट बच्न सतर्कता अपनाउनु भनेको यो महामारी नियन्त्रणमा प्रत्येक नागरिकको कर्तव्य हो । किनभने, एक व्यक्तिको लापरवाहीबाट त्यहाँको समुदाय र समग्र राष्ट्रले कति क्षति बेहोर्नुपर्छ भन्ने उदाहरण ताजै छ। त्यसकारण सबै नागरिक आ-आफ्नो स्थानबाट जिम्मेवार भई कोरोना संक्रमण नियन्त्रणमा सहयोग पुऱ्याउन आवश्यक छ।

कोरोना भाइरस नियन्त्रणका लागि कोभिड खोप लगाउने अभियान जारी छ । सरकारले खोपको बुस्टर डोज वितरण गरिरहेको छ र बुस्टर डोज लगाउन अपिल पनि गरिरहेको छ। यो अभियानलाई अझ व्यापकता दिनुपर्ने आवश्यकता देखिएको छ। बुस्टर डोज लगाउन जनतालाई सचेत गराउने र खोप लगाउन बाँकी रहेकालाई पनि अनिवार्य खोप लगाउने व्यवस्था सरकारले गर्नुपर्छ। नागरिकहरू स्वयं पनि यसमा सहभागी हुनुपर्छ। कोरोना महामारीले ल्याएको कहालीलाग्दो अवस्था फेरि दोहोरिन नदिन हामी सबै सजग र जिम्मेवार बनौं। बढ्दो संक्रमणको जोखिमलाई मध्यनजर गर्दै स्वास्थ्यका सबै मापदण्डहरू पालना गरौं।

मनन्योग्य

### चाणक्य नीति

शकटार पनि आश्चर्यचकित भए । उनलाई विश्वास लागेन किनकि चणकका छोरा त मरिसकेका थिए। तर, तिनै व्यक्ति कौटिल्य एक विद्वान् पुरुष विष्णुगुप्तका रूपमा अगाडि थिए जसको चर्चा शकटारले धेरै सुनेका थिए । उनले आँखाभरि आँसु पार्दै विष्णुगुप्तलाई छातीमा लगाए अनि भन्न लागे- 'ईश्वरले मगधलाई फेरि एउटा अमूल्य रत्न दिए। यो बूढो शकटारको इच्छा अब अवश्य पूरा हुनेछ।'

विष्णुगुप्तले शकटारलाई आफ्नो कुटीमा लगे । त्यहाँ दुवैबीच देशको वर्तमान स्थितिबारे विचार-विमर्श भयो । शकटारले महानन्दको विलासिता, निरंकुशता झन् बढेको बताए किनभने राज्यको बागडोर महामात्य राक्षसका हातमा रहेको थियो ।

महानन्दका दिनहरू राजपाठबाट विमुख भई अधिकांश सुरा र सुन्दरीका साथमा बित्थे। जनतामा मनमानी ढंगले करको बोझ थपियो । प्रतिरोध गर्नेलाई सबैको मारिन्थ्यो । यही दमनचक्रले गर्दा महानन्दविरुद्ध कोही बोल्न सक्दैनथे ।

हु......हुंकार गर्दै गम्भीर स्वरमा विष्णुगुप्तले भने- 'यत्रो अत्याचार हुँदा पनि तपाईंहरू सबै सँगठित किन हुनुभएन ? जनतालाई अत्याचारको कुरा किन नभनेको जनताबाट उठाएको धन मदिरा र वेश्यामा पानीजस्तै बगाइएको छ । यो राजाने त समय आउँदा जनताको रक्षा पनि गर्न सक्दैन ।

विष्णुगुप्त उत्तेजित भएको देखी शकटार भन्छन्- 'त्यो सबै म चाहन्छु, तर म बूढो छु। त्यसमाथि राज्यको मर्यादाले बाँधिएको छु । अब विश्वास भयो यो काम तिमीबाहेक अरूले गर्न सक्दैन ।'

शकटारका यस्ता कुराले चाणक्यको चेहरा झन् रातो भयो। लुकेको प्रतिशोधको ज्वाला फेरि हृदयमा नाच्न लाग्यो। आफ्ना बाबु चणकलाई कसरी मारिएको थियो भन्ने पनि सम्झिए। पिताजीको दोष यति मात्र थियो कि मगधमा न्यायप्रिय राजाको चाहना थियो। चाणक्यलाई आफ्नो संकल्पको स्मरण भयो । शकटारसँग भने- तात । कुनै प्रकारले पनि मलाई नन्दका दरवारमा पुग्ने प्रबन्ध गर्नोस् किनकि म आफैँ गई उसको शक्ति कति रहेछ हेर्न चाहन्छु। क्रमशः

सन्दर्भ : पत्रकार महासंघको केन्द्रीय साधारणसभा

# पत्रकारको श्रम अधिकारः महासंघको उच्च प्राथमिकता



▶▶ रमेश विष्ट

> श्रमजीवी पत्रकार ऐन नेपाल पत्रकार महासंघको निरन्तरको माग र दबाबका कारण निर्माण भएको हो । त्यसैले यो ऐनसँग महासंघको विशेष आकर्षण र सम्बन्ध छ । यो ऐन कार्यान्वयन होस् र पत्रकारले आफ्ना श्रम अधिकारसहित सबैखाले अधिकार उपभोग गरून् भन्ने चाहना महासंघको छ । त्यसैले महासंघले यो ऐनको कार्यान्वयनका लागि सधैँ आफूलाई क्रियाशील गराउँदै आएको छ । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा र पत्रकारको श्रम अधिकारका लागि महासंघले कसैसँग सम्झौता गर्दैन ।

पत्रकारिता क्षेत्रमा बेलाबखत चर्चा हुने गर्दछ, पत्रकारको कलमले थुप्रै अधिकारबाट वञ्चितहरूले आफ्नो अधिकार प्राप्त गरेका छन् । न्याय नपाएकाहरूले न्याय पाएका छन् । विभेदमा पारिएकाहरूले समानताको अधिकार पाएका छन् । तर, पत्रकारिता क्षेत्रमा कलम चलाउने पत्रकारहरूले स्वयं आफ्नो अधिकार प्राप्त गरेका छन् त ? हामी सबैको सामु पेचिलो प्रश्न बनेर उभिएको छ ।


आखिर पत्रकारले आफ्ना हक अधिकारहरू किन प्राप्त गर्न सकेका छैनन् त ? यसको जवाफ सरल र सटिक ढंगबाट दिन कठिन छ । नेपालको पत्रकारिता यस्तो जेलिएको अवस्थामा छ कि जुन कोणबाट हेरे पनि समस्यग्रस्त देखिन थालेको छ । चौतर्फी समस्याले नेपाली सञ्चार क्षेत्रमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सम्बन्धमा गुणात्मक सुधार भए पनि श्रम अधिकारको क्षेत्रमा भने गम्भीर समस्या देखिँदै आएको छ ।

पत्रकार महासंघसहित सञ्चार क्षेत्रसँग सम्बन्धित संघसंगठनका भेला र अधिवेसनहरूमा पत्रकारको श्रम अधिकारको विषय प्रधान बनेर उठ्न थालेको लामो समय बितिसक्दा पनि सन्तोषजनक नतिजा भने आउन सकेको छैन । चलनचल्तीमा श्रमजीवी भनिए पनि पत्रकारहरू मूलतः बौद्धिक श्रमिक हुन् । समाजको हरेक पक्षसँग गहिरो सम्बन्ध रहने पत्रकारिता क्षेत्र आफैं भने श्रम अधिकारको विकराल समस्या झेल्दै अघि बढ्नुपर्ने बाध्यता विडम्बनापूर्ण छ ।

### श्रमजीवी पत्रकार ऐनका मुख्य व्यवस्था

पत्रकारिताको इतिहास लामो भए पनि २०५१ सालमा पहिलोपटक श्रमजीवी पत्रकारसम्बन्धी ऐन २०५१ आयो । २०५३ सालमा श्रमजीवी पत्रकारसम्बन्धी नियमावली जारी भए पनि यो ऐनको कार्यान्वयन २०६५ जेठ १५ गतेदेखि भएको हो । करिब १४ वर्षको अभ्यासलाई हेर्ने हो भने पत्रकारितालाई एउटा पेसाको रूपमा ऐनले स्वीकार गरे पनि यसको प्रमुख बुँदाहरू नै कार्यान्वयन हुन सकेका छैनन् । सञ्चार प्रतिष्ठानमा कार्यरत श्रमजीवी पत्रकार, कर्मचारी र कामदारको स्पष्ट व्याख्या गर्दै उनीहरूको श्रम अधिकार सुनिश्चित गर्न ल्याइएको यो ऐनको व्यावहारिक कार्यान्वयन नहुनु नै नेपाली सञ्चार क्षेत्रको प्रधान समस्या हो ।

श्रमजीवी पत्रकार ऐनले पत्रकारहरूलाई नियुक्तिपत्र नदिई काममा लगाउन नपाउने भन्ने व्यवस्था गरेको छ । तर, अहिले पनि नियुक्तिपत्र नपाउने, प्रेस पास तथा अन्य प्रयोजनका लागि मात्रै कागजी नियुक्तिपत्र दिने प्रचलन व्याप्त छ। पत्रकार वा कर्मचारी नियुक्ति गर्दा प्रतिस्पर्धाका आधारमा गर्नुपर्ने र उनीहरूको पदको वर्गीकरण गर्नुपर्ने व्यवस्था पनि ऐनले गरेको छ। तर, अधिकांश सञ्चार प्रतिष्ठानले ऐनको यो व्यवस्थालाई कार्यान्वयन गरेका छैनन्। विशेषज्ञ सेवा आवश्यक भएमा निश्चित अवधिका लागि १५ प्रतिशतभन्दा बढी करार सेवामा राख्न नपाउने व्यवस्थाको पनि धज्जी उडाइएको छ। अस्थायी, करार र स्ट्रिन्जरको नाममा ऐनविपरीतको नियुक्त दिने समस्या विकराल बनेको छ। नियुक्तिको जानकारी प्रेस रजिस्ट्रारलाई गराउने व्यवस्थाको समेत पालना भएको पाइँदैन।




ऐनले पत्रकार, कर्मचारी र कामदारको न्यूनतम पारिश्रमिक निर्धारण गर्नका लागि उच्चस्तरको एउटा समितिको परिकल्पना गरेको छ । स्थायी संरचनाको रूपमा रहेको समितिले तोकेको न्यूनतम पारिश्रमिकको कार्यान्वयन दयनीय छ । न्यूनतम पारिश्रमिकै अवस्था यस्तो भएपछि ऐनले व्यवस्था गरेका भत्ता, वार्षिक तलव वृद्धि, उपचार तथा क्षतिपूर्ति, उपदान, सञ्चय कोष र अन्य सुविधाको कार्यान्वयन अवस्था झनै दयनीय छ । ऐनले सञ्चार प्रतिष्ठानहरूमा कल्याणकारी कोषकोसमेत परिकल्पना गरेको छ। तर, आजसम्म कुनै सञ्चार प्रतिष्ठानले ऐनबमोजिमको कल्याणकारी कोषको स्थापना गरेको देखिँदैन।

### अस्तव्यस्त सञ्चार प्रतिष्ठान

नेपालको सञ्चार क्षेत्र राजनीतिक स्वतन्त्रताको लडाइँसँगै अघि बढेको देखिन्छ । २०४६ सालभन्दा अघि र त्यसपछिका केही वर्षहरू मिसन पत्रकारिताको कालखण्ड हुन् । त्यतिबेला पत्रकारिता पनि पेसा हुनसक्छ भन्ने मान्यता स्थापित भइसकेको थिएन । विशेषगरी निरंकुश पञ्चायती व्यवस्थाको विरोधी र पञ्चायत पक्षधरमा विभक्त पत्रकारिता नै अहिलेको पत्रकारिताको जग हो । २०४६ को परिवर्तनपछि नेपाली सञ्चार क्षेत्रमा संख्यात्मक, गुणात्मक र व्यावसायिकताको विकास भयो । डिजिटल युगमा प्रवेश गरेपछि न्यु मिडियाको क्षेत्रमा पनि उल्लेख्य विकास र वृद्धि भयो ।

सञ्चारमाध्यमको वृद्धि हुने क्रमसँगै सञ्चार क्षेत्रको व्यावसायिकता र श्रम अधिकारको क्षेत्रमा नयाँ नयाँ चुनौती थपिँदै गएको छ। पुँजी र बजारको सुनिश्चितताविना नै सञ्चारमाध्यमहरू खुल्ने क्रम निरन्तर छ । करिब ८०० छापा, सोही संख्यामा एफएम रेडियो, करिब ३०० टेलिभिजन र तीन हजारभन्दा बढी अनलाइन न्युज पोर्टल सञ्चालनमा छन् । यो संख्या नेपालको विज्ञापनको बजार र सञ्चार क्षेत्रको उपभोक्ताको संख्याको आधारमा पनि धेरै हो। यस्तो अवस्थामा श्रमजीवी पत्रकार ऐनको कार्यान्वयन, पत्रकारको श्रम अधिकार, पत्रकारितामा व्यावसायिकता र आचारसंहिता पालनाको दृष्टिले पनि निकै गम्भीर र चुनौतीपूर्ण हुनु स्वाभाविक छ।

### कामचलाउ प्रेस रजिस्ट्रार र कमजोर अनुगमन

श्रमजीवी पत्रकार ऐनले पत्रकारका श्रम समस्यासँग सम्बन्धित कतिपय अधिकार प्रेस रजिस्ट्रारलाई दिएको छ । ऐनले परिकल्पना गरेअनुसारको प्रेस रजिस्ट्रार अहिलेसम्म नियुक्त हुन सकेको छैन। सूचना तथा प्रसारण विभागका महानिर्देशकलाई नै प्रेस रजिस्ट्रार तोकिएको छ । यसो गर्दा प्रेस रजिस्ट्रारको काम प्रभावकारी हुन सकिरहेको छैन । अहिलेको व्यवस्था एक प्रकारले कामचलाउ मात्रै हो ।

पत्रकारको श्रम समस्याबारे दुईतर्फी छलफल गराउने र कानुनी तथा अदालती निरूपणका लागि प्रेस रजिस्ट्रारको भूमिका महत्त्वपूर्ण हुने हुँदा अहिलेको व्यवस्थाले सन्तोषजनक कार्य सम्पादन हुन सकेको छैन । सर्वोच्च अदालतलेसमेत छुट्टै प्रेस रजिस्ट्रार नियुक्त गर्न सरकारको नाममा आदेश दिएको छ ।

पत्रकारले आफूलाई परेको श्रम अधिकारसम्बन्धी समस्या समाधान गर्न सबैभन्दा पहिला प्रेस रजिस्ट्रारमा निवेदन दिनुपर्ने हुन्छ । त्यहाँ छलफलको माध्यमबाट समस्या हल नभएमा प्रेस रजिस्ट्रारको पत्रको आधारमा श्रम विभाग र श्रम अदालतमा कानुनी उपचारमा जानुपर्ने हुँदा प्रेस रजिस्ट्रारको भूमिका महत्त्वपूर्ण हुन जान्छ ।

मुलुक संघीय प्रणालीमा गएपछि पहिलोपटक बागमती प्रदेशले प्रेस रजिस्ट्रार नियुक्त गरेर काम अघि बढाए पनि श्रम अधिकारको विषयमा बागमती प्रदेश प्रेस रजिस्ट्रारले समेत प्राथमिकता दिएर श्रम समस्याको बारेमा काम गर्न सकेको छैन । बागमती प्रदेश प्रेस रजिस्ट्रारको अन्य क्रियाशीलता भने राम्रो देखिएको छ ।

सञ्चार प्रतिष्ठानहरूले श्रमजीवी पत्रकार ऐन कार्यान्वयन गरे वा नगरेको बारेमा अनुगमन गर्ने जिम्मेवारी न्यूनतम पारिश्रमिक निर्धारण समितिको हो । नेपाल पत्रकार महासंघ, कामदार पक्ष, व्यवस्थापन पक्ष र सरकारको उच्च अधिकारीको प्रतिनिधित्वमा गठन भएको समितिले प्रभावकारी अनुगमन गर्न सकेको छैन । गरिएको अनुगमनका आधारमा तयार पारिएको प्रतिवेदन हेर्दा ऐन कार्यान्वयनको अवस्थालाई राम्रो मान्न सकिने अवस्था छैन ।

### न्याय सम्पादन र फैसला कार्यान्वयन

नेपालको आम अदालतमा जस्तै पत्रकारका श्रम समस्या निरूपण गर्ने श्रम विभाग र श्रम अदालतले समेत छिटोछरितो न्याय सम्पादन गर्न नसक्दा न्यायिक अधिकार प्राप्तिमा समस्याहरू देखिएका छन् । प्रेस रजिस्ट्रार, श्रम विभाग र श्रम अदालतसम्मको प्रक्रिया पूरा गर्दा समय बढी लाग्ने हुँदा पत्रकारले आफ्ना श्रम अधिकारसम्बन्धी न्याय प्राप्त गर्न समय लाग्ने अवस्था छ । यसले गर्दा पत्रकारहरू आफ्ना अधिकार प्राप्तिको लागि न्यायिक बाटो अवलम्बन गर्न उदासीन हुने प्रवृत्ति देखिएको छ ।

कानुनी बाटोबाट आफ्नो पेसागत तथा श्रम अधिकारको बाटो रोजेका पत्रकारहरू फैसला कार्यान्वयनमा देखिएका समस्याले गर्दा थप पीडित बन्नु परेको छ । अदालतको फैसलाबाट पुनर्वहाली भएका पत्रकारहरूले पुनः सोही सञ्चार प्रतिष्ठानमा काम गर्ने वातावरणसमेत निर्माण हुन सकेको छैन । सेवासुविधा प्राप्तिमा भने अदालती फैसला केही हदसम्म कार्यान्वयन भएको देखिन्छ। अदालतको फैसलापछि पनि आपसी समझदारीमा मात्रै सेवासुविधा प्राप्तिको विषय टुंगिने गरेको छ।

पत्रकारको श्रम अधिकारको रक्षाका लागि कानुनी लडाइँ एउटा महत्त्वपूर्ण विधि हो । तर, यसलाई झन्झटिलो बनाइयो भने यसले उचित प्रतिफल दिन सक्दैन। फैसला कार्यान्वयनको दिशामा पनि सबै पक्ष सचेत र गम्भीर हुनुपर्ने देखिन्छ।

### कानुन कार्यान्वयनमा उदासीन

कुनै पनि कानुन कार्यान्वयन गराउने पहिलो दायित्व सरकारको हुन्छ । तर, श्रमजीवी पत्रकार ऐनको कार्यान्वयन गराउने विषयमा सरकार सधैँ उदासीन रहँदै आएको छ । ऐन कार्यान्वयन नगर्ने सञ्चारमाध्यममाथि हुनुपर्ने कारबाहीको अवस्थासमेत निकै फितलो र कमजोर छ । सरोकारवाला पक्षको निरन्तर दबाब र खबरदारीका बीच पनि ऐन कार्यान्वयनमा प्रभावकारिता आउन सकेको छैन ।

ऐनमा भएको कमजोरी र त्यसलाई संशोधनका माध्यमबाट गरिनुपर्ने सुधारका बहसहरू समेत गतिलोसँग हुन सकेको छैन । जसले गर्दा ऐनलाई समयसापेक्ष बनाउनसमेत बाधा पुगिरहेको छ । सबैखाले सञ्चार प्रतिष्ठानलाई ऐनले समान व्यवस्था गरेकाले पनि ऐनको कार्यान्वयनमा समस्या देखिने गरेको छ। ऐन कार्यान्वयन एउटा मात्र पक्षको चासो वा सक्रियताले सम्भव हुँदैन । सरकार, सञ्चार प्रतिष्ठान र सरोकारवाला निकायका सामूहिक इच्छाशक्तिले मात्र ऐनको प्रभावकारी कार्यान्वयन सम्भव छ । ऐनलाई समयसापेक्ष वा व्यावहारिक बनाउन पनि तीनै पक्षको इमान्दार सक्रियताले मात्र सम्भव हुन्छ ।

### महासंघको भूमिका

श्रमजीवी पत्रकार ऐन नेपाल पत्रकार महासंघको निरन्तरको माग र दबाबका कारण निर्माण भएको हो। त्यसैले यो ऐनसँग महासंघको विशेष आकर्षण र सम्बन्ध छ। यो ऐन कार्यान्वयन होस् र पत्रकारले आफ्ना श्रम अधिकारसहित सबैखाले अधिकार उपभोग गरुन् भन्ने चाहना महासंघको छ ।

त्यसैले महासंघले यो ऐनको कार्यान्वयनका लागि सधैँ आफूलाई क्रियाशील गराउँदै आएको छ । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा र पत्रकारको श्रम अधिकारका लागि महासंघले कसैसँग सम्झौता गर्दैन। पत्रकारले आफ्ना श्रम अधिकार प्राप्त गर्न सकून् भन्ने उद्देश्यले महासंघले विभिन्न कार्यक्रमहरूलाई अघि सारेको छ । सञ्चार प्रतिष्ठानहरूलाई दबाब, आन्दोलन र कानुनी उपचारको माध्यमबाट महासंघले नेपाली सञ्चार क्षेत्रमा उचित श्रम अधिकारको अभ्यास होस भन्ने प्रयास गरिरहेको छ। पछिल्लो समय महासंघले पत्रकारको श्रम अधिकार प्राप्तिका लागि गरेका प्रयासहरूकै कारण उजुरी गर्ने र आफ्ना अधिकार खोज्ने प्रवृत्तिमा गुणात्मक र संख्यात्मक विकास भएको छ। महासंघका प्रयास सफलतामासमेत परिणत हुँदै गएका छन्।

उजुरीहरूको नियमित सुनुवाइ हुने, समस्याहरूको बारेमा सम्बन्धित सञ्चार प्रतिष्ठानहरूमा पत्राचार गर्ने, आवश्यक धर्ना तथा दबाबका कार्यक्रमहरू सञ्चालन गर्ने, वार्ता तथा छलफलका माध्यमबाट समाधान निकाल्ने प्रयास गर्ने र कानुनी बाटोबाट समस्या समाधान गर्ने कार्य महासंघले निरन्तर गर्दै आएको छ । पत्रकार हरूलाई निःशुल्करूपमा कानुनी परामर्श र सहायता उपलब्ध गराउन कानुनी डेस्कमार्फत समेत काम हुँदै आएका छन्।

दबाब र कानुनी डेस्कलाई थप प्रभावकारी बनाउँदै पत्रकारको श्रम अधिकारको पक्षमा सशक्त ढंगबाट अघि बढ्ने महासंघको योजनासमेत छ। सबै पक्षको साथ र सहयोग प्राप्त गर्दै नेपाली सञ्चार क्षेत्रमा उचित श्रम अभ्यास होस् र पत्रकारहरूका सबैखाले समस्या समाधान होस् भन्ने बाटोमा महासंघ सधैँ सशक्त ढंगबाट अघि बढ्न तत्परसमेत छ।

*(लेखक नेपाल पत्रकार महासंघका वरिष्ठ उपाध्यक्ष र प्रेस स्वतन्त्रता अनुगमन तथा श्रमजीवी पत्रकार हित प्रवर्द्धन समितिका संयोजक हुन्।)*

द्रष्टव्य : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ। यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो। - सं.



**भुवा पर्वमा देउडा** कञ्चनपुरको भीमदत्त नगरपालिका–७ हल्दुखालमा आयोजना गरिएको भुवा पर्वमा देउडा खेल्दै सुदूरपश्चिम प्रदेशका प्रदेश प्रमुख देवराज जोशी, सुदूरपश्चिम विश्वविद्यालयका उपकुलपति अम्मराज जोशी र कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी गोपालप्रसाद अर्याललगायत । *तस्बिरः महादेव अवस्थी/रासस*

# दुई वर्षमा ५० वन्यजन्तुको उद्धार

**भरतपुर (प्रस)**– चितवनको सौराहामा रहेको वन्यजन्तु अस्पतालमा दुई वर्षमा ५० वन्यजन्तुको उद्धार र उपचार गरिएको छ । सन् २०२० देखि २०२२ को डिसेम्बरसम्मको अवधिमा चितवन राष्ट्रिय निकुञ्जका ५० वन्यजन्तुको उपचार गरिएको हो ।

राष्ट्रिय प्रकृति संरक्षण कोष तथा जैविक विविधता केन्द्र सौराहा कार्यालयसँगै रहेको अस्पतालले यो अवधिमा १६ बाघ, पाँच गैँडा, छवटा हात्ती, सात हरिण, तीन निलगाई, तीन मलाहा बिरालो, नौवटा बँदेल र एक-एक वनबिरालो र चरीबाघको उद्धार तथा उपचार गरेको छ । विभिन्न कारणले रोगी, बिरामी, असहाय, अशक्त तथा घाइते भएका वन्यजन्तुको उपचार तथा व्यवस्थापनका लागि अस्पतालले उपचार सेवा प्रदान गर्ने गरेको राष्ट्रिय प्रकृति संरक्षण कोष तथा जैविक विविधता केन्द्र सौराहाका प्रमुख डा. बाबुराम लामिछानेले जानकारी दिए ।

'अधिकांश वन्यजन्तुको उद्धार गरेपछि घाउ र चोटपटकको उपचार गर्ने गरिएको छ,' उनले भने, 'अहिले पनि एउटा बाघ र एउटा चितुवाको अस्पतालमै राखेर उपचार गरिएको छ ।' सरकार र विभिन्न सहयोगी दाताबाट अस्पताल सञ्चालन गरिएको जनाउँदै उनले नियमित बजेटको अभाव रहेको बताए । अस्पतालबाट हात्तीसारमा रहेका सबै हात्तीको नियमित उपचार गर्ने गरिएको पशु चिकित्सक डा. विजय श्रेष्ठले जानकारी दिए । हात्तीको नियमित नङ काट्नुका साथै नङको अवस्था र घाउ चोटपटकको नियमित उपचार गर्ने गरिएको उनले बताए । 'अरु समस्याको उपचारका साथै हात्तीलाई थप भिटामिन र मिनरल्स दिइन्छ,' उनले भने, 'जुका र नाम्लेको औषधि पनि नियमित खुवाउने गरिएको छ ।'

वन्यजन्तु अस्पतालमा रोग पत्ता लगाउने प्रयोगशालासहित एक्सरे र 'अल्ट्रासाउण्ड' मेसिनसमेत व्यवस्था छ । 'वन्यजन्तुको रगत, दूधको जाँच र पिसाब पनि यही जाँच गर्न सकिन्छ, विशेष गरेर साना वन्यजन्तुलाई अस्पतालमै उपचार गर्ने गरिएको छ,' उनले भने । गत वर्षमात्रै धेरै हात्तीको 'अल्ट्रासाउण्ड' गरिएको डा. श्रेष्ठले जानकारी दिए ।

ठूला घाइते र बिरामी जनावरलाई निकुञ्ज क्षेत्रमै पुगेर उपचार गर्ने गरिएको उनले बताए । अस्पताल स्थापनापछि वन्यजन्तुको रोग पहिचान र उपचारमा सहयोग भएको छ । घाइते वन्यजन्तुलाई एम्बुलेन्स राखेर ल्याउने गरेको गरेको उनले जानकारी दिए ।

चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत हरिभद्र आचार्यका अनुसार पूर्वाधार तयार भए पनि अस्पताल पूर्णरूपमा सञ्चालन ल्याउन सकिएको छैन । कार्यविधि तयार भएको भन्दै उनले यसलाई पूर्णता दिएर छिट्टै कार्यान्वयनमा ल्याइने जानकारी दिए । अस्पताल सञ्चालनका लागि वन्यजन्तु प्राविधिक र पशुचिकित्ससहित छ कर्मचारी खटाइएको छ ।

# खेतीयोग्य जमिन : पहाडमा बाँझो, तराईमा मासिँदै

■ महादेव अवस्थी

**दोधारा चाँदनी**– पछिल्लो केही वर्षयता बसाइँसराइका कारण सुदूरपश्चिममा खेतीयोग्य जमिन घट्दै गएको छ । अन्न भण्डारका रूपमा चिनिने सुदूरपश्चिमको तराईका दुई जिल्ला कञ्चनपुर र कैलालीमा खेतीयोग्य जमिन मासिँदै गएको छ भने सुदूरपश्चिमका पहाडी जिल्लामा पनि बसाइँसराइका कारण खेतीयोग्य जमिन बाँझो हुनेक्रम बढेको छ ।

कृषि विकास निर्देशनालय डोटीका अनुसार सुदूरपश्चिमको कूल खेतीयोग्य जमिनको ५१ हजार २५० हेक्टर जग्गा बाँझो छ । पहाडी क्षेत्रबाट बसाइ सरेर आउने क्रम बढेका कारण कैलाली र कञ्चनपुरको खेतीयोग्य जमिन वस्तीमा रूपान्तरण हुँदै गएको छ ।

उर्बर भूमिका रूपमा रहेको कञ्चनपुरमा कूल खेतीयोग्य जमिनको ३५ प्रतिशतमा मात्रै खेती हुने गरेको छ । कृषि ज्ञानकेन्द्र महेन्द्रनगरका अनुसार कञ्चनपुरमा एक लाख ६१ हजार ७४१ हेक्टर जमिन खेतीयोग्य छ । यसमध्ये ५६ हजार ६०२ हेक्टरमा मात्रै खेती हुने गरेको छ । कैलालीमा ९० हजार हेक्टर जमिन खेतीयोग्य रहेकामा ८६ हजार ४५० हेक्टर जमिनमा मात्रै खेती हुने गरेको छ ।

त्यसैगरी पहाडी जिल्लामा कूल खेतीयोग्य जमिन ५६ हजार ३४७ हेक्टर छ । यसमा ४२ हजार ४१३ हेक्टरमा मात्रै खेती भइरहेको निर्देशनालयले जनाएको छ । त्यसैगरी डोटीमा ३२ हजार २७६ हेक्टर कूल खेतीयोग्य जमिन रहेकामा २५ हजार ५०० हेक्टरमा मात्रै खेती भइरहेको छ । डडेलधुरामा ११ हजार ६१६ हेक्टर जमिन खेतीयोग्य रहेकामा १० हजार ६६७ हेक्टरमा खेती भइरहेको छ ।

बैतडीमा ३१ हजार ४८५ हेक्टर खेतीयोग्य जमिन रहेकामा २५ हजार ७०० हेक्टर जमिनमा मात्रै खेती भइरहेको छ । त्यसैगरी खाद्यान्न अभाव हुने जिल्ला बाजुरामा २४ हजार ३०० हेक्टर मात्रै खेतीयोग्य जमिन रहेकामा २० हजार १५५ हेक्टरमा मात्रै खेती भइरहेको छ ।

यस्तै ३४ हजार ६०७ हेक्टर जमिन खेतीयोग्य रहेको बझाङमा २८ हजार २१४ हेक्टरमा मात्रै खेती भइरहेको छ । त्यसैगरी दार्चुलामा २९ हजार ५४४ हेक्टर जमिन खेतीयोग्य जमिन रहेकामा २२ हजार ८२५ हेक्टरमा मात्रै खेती भइरहेको छ । निर्देशनालयको तथ्यांकअनुसार सुदूरपश्चिम प्रदेशको कूल खेतीयोग्य जमिनको ५६ प्रतिशतमा मात्रै पूर्णरूपमा सिँचाइ सुविधा रहेको छ ।

निर्देशनालयका कृषि अर्थविज्ञ टेकेन्द्र ऐरले सुदूरपश्चिमका पहाडी जिल्लामा खेतीयोग्य जग्गा बाँझो रहेको र तराईमा खण्डीकरण भइरहेको बताए । 'सुदूरपश्चिमका कैलाली र कञ्चनपुरका दुई जिल्लाको उत्पादनले अन्य सात जिल्लाको खाद्यान्न धान्छ । यी जिल्लामा खेतीयोग्य जमिन कम हुँदै जानु बिडम्वना हो,' उनले भने । यो समस्या न्यूनीकरणका लागि तीनवटै तहका सरकारले मिलेर एउटा विशेष संयन्त्र बनाएर काम गर्नुपर्नेमा उनले जोड दिए ।

कृषि ज्ञान केन्द्र महेन्द्रनगरका कृषि अधिकृत हरिदत्त जोशीले बसाइँसराइका कारण तराईका जिल्लामा हरेक वर्ष ५/१० प्रतिशत खेतीयोग्य जमिन घट्दै गएको बताए । उनले भने, 'धेरै ठाउँमा घर बनेका कारण खेतीयोग्य जमिन घटेको छ केही ठाउँमा नदी कटानले पनि घटेको छ ।' माटो बचाऊ अभियानका संयोजक हेमबाबु लेखक पहाडी क्षेत्रबाट तराईमा बसाइँसराइ गर्ने परम्पराले खेतीयोग्य जग्मा मासिन थालेको बताउँछन् । उनी भन्छन्, 'पहाडी क्षेत्रको उर्वरभूमि बाँझो छोडेर तराईमा बसाइँ सरी चामल किनेर खाने परम्परा बढ्दै गएको छ ।'

बैतडीको पाटन बहुमुखी क्याम्पसका ग्रामीण विकासका प्राध्यापक ज्योतिप्रकाश पन्त पहाडी क्षेत्रमा जग्गा बाँझो रहने समस्या बढ्नुमा कृषिप्रति युवाको रुचि नहुनु र कृषिबाट आशातीत प्रतिफल नआउनुलाई मुख्य कारण मान्छन् । उनी पछिल्लो समय युवा विदेश जाने मोहका कारण पनि खेतीयोग्य जमिन बाँझो हुने गरेको तर्क गर्छन् । सरकारले पनि जग्गा धितो राखेर दिने ऋण सुविधा सहजरूपमा प्रवाह हुन नसक्दा पनि कृषक निराश भएको उनको भनाइ छ । *रासस*

# राजमार्ग अतिक्रमण गरी बनाइएका घरटहरा भत्काउन सुरू

**चितवन (प्रस)**– पूर्व-पश्चिम राजमार्गअन्तर्गत भरतपुर महानगरभित्र पर्ने नारायणगढ-गोन्द्रङ सडकखण्डमा अतिक्रमण गरी बनाइएका घरटहरा शुक्रबारदेखि भत्काउन सुरु गरिएको छ । सडक विस्तार गरी छ लेनको बनाउने कार्य भइरहेको उक्त खण्डका अतिक्रमित घर टहरा भत्काउन लागिएको हो ।



डिभिजन सडक कार्यालय चितवनले नारायणगढको पुल्चोकबाट घर भत्काउन सुरु गरेको छ । यो सडक निर्माणका क्रममा ५८ वटा घर भत्काउनुपर्ने देखिएको सडक डिभिजन कार्यालयका प्रमुख रमेश पौडेलले बताए ।

कार्यालयले दुई पटकसम्म सूचना जारी गर्दासमेत घरधनीले अटेर गरेपछि भत्काउन लागिएको उनको भनाइ छ । घरका टप भत्काउनुपर्नेको संख्या १०० भन्दा माथि छ । ती घरको टपबाहेक १० सेन्टिमिटरदेखि १.५ मिटरसम्म भत्काउनुपर्ने पौडेलले जानकारी दिए ।

सडक ५० मिटर फराकिलो हुने भएकाले त्यसभित्र परेका संरचना भत्काइने उनले बताए । यसअघि ३५ दिन र १५ दिनको समय दिएर सूचना जारी गर्दा अटेर गरेकाले कार्यालय आफैंले भत्काउन लागेको हो ।

# जैविक विविधता पार्कमा अवलोकनकर्ता बढे

**भालुवाङ**– लमहीको जैविक विविधता पार्क अवलोकनका लागि सर्वसाधारणको भीड बढ्दै गएको छ । देउखुरी क्षेत्रका तालतलैया, वनभोजस्थल, दृश्यावलोकन केन्द्रले पर्यटकलाई आकर्षित गरेको बेला लमहीको अजम्मरी सामुदायिक वन क्षेत्रभित्र पर्ने जैविक विविधता पार्क अर्को पर्यटकीय गन्तव्य बन्दै गएको छ ।

लमही नगरपालिका-५ अन्तर्गत पर्ने यो पार्क पूर्वपश्चिम महेन्द्र राजमार्गदेखि उत्तरतर्फ अवस्थित छ । पार्कभित्र पस्नासाथ विभिन्न प्रजातिका चराचुरुंगीको चिरविर चिरविर आवाजले मनै फुरुंग पारिदिन्छ । एकाबिहानै पार्कमा हिँड्नेको लर्को भेट्न सकिन्छ ।

पार्कमा 'मिनिपार्क' र 'ग्रिनपार्क' ले झनै त्यहाँको शोभा बढाएको छ । आन्तरिक तथा बाह्य पर्यटकलाई लक्षित गरेर उक्त पार्कको निर्माण कार्य अगाडि बढाइएको अजम्मरी सामुदायिक वनका अध्यक्ष पवन रिजालले बताए । वन क्षेत्रलाई पर्यटनसँग जोड्ने उद्देश्यले बनेको यहाँ सबैको ध्यान तान्ने प्रकारका संरचनासमेत निर्माण भएका छन् । सामुदायिक वनले ३० बिघा क्षेत्रफललाई आफ्नो कार्ययोजनाअनुसार जैविक



विविधता पार्क निर्माण गरेको अध्यक्ष रिजालले जानकारी दिए ।

'पार्क व्यवस्थित बनाउन अझै थुप्रै काम रहेको छ । मेरो पदावधिभित्रै काम सक्ने लक्ष्य लिएको छु, कतिसम्म पूरा हुन्छ,' रिजालले भने । आन्तरिक तथा बाह्य पर्यटक भित्र्याएर सामुदायिक वनको आयस्रोत बलियो बनाउने पनि समितिको उद्देश्य हो । आर्थिक वर्ष २०७५/०७६ मा त्यस पार्कमा करिब २० हजार पर्यटकले भ्रमण गरेको तथ्यांक सामुदायिक वन कार्यालयसँग छ । आगन्तुक पर्यटक मनमोहक दृश्य हेर्न र हरियालीमा रमाउन पाउँदा खुसी भएको प्रतिक्रिया दिन्छन् । भारतको लागि कोइलावास नाका मुख्य प्रवेशद्वार हो । जसलाई राप्तीको प्रवेशद्वारा मानिन्छ । यो पार्क व्यवस्थित गर्नसके भारतीय पर्यटकलाई आकर्षित गर्न सकिन्छ । भारतमा विष्णु र शिव भगवान् मान्नेको ठूलो समुदाय छ । तिनलाई राप्तीको प्रवेशद्वार कोइलावास नाका हुँदै नेपालको विभिन्न धार्मिकस्थलमा ल्याउन सकिने र यस क्षेत्रलाई पर्यटकीयस्थलका रूपमा हेर्न थालिएको स्थानीय किशोर गुप्ताले बताए । *रासस*


त्रियुगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गाईघाट, उदयपुर
प्रदेश नं. १ नेपाल

आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सूचना

**सूचना प्रकाशित मिति २०७९-०९-०८**

प्रस्तुत विषयमा यस त्रियुगा नगरपालिका कार्यालयबाट मिति २०७९/०७/०१ गते EGP ii System मार्फत आव्हान गरिएको ठेक्का बोलपत्रदाताहरूबाट प्राप्त आर्थिक एव प्राविधिक प्रस्ताव मध्ये मिति २०७२/०८/०७ गतेमा खोलिएको बोलपत्रदाताहरूका प्राविधिक प्रस्तावहरूको मूल्यांकन बोलपत्र मूल्यांकन समितिबाट मिति २०७९/०९/०२ र २०७९/०९/ ०६ गते सम्पन्न भई स्वीकृत लागि नगरपालिका कार्यालयमा तपसिल बमोजिमको वोलपत्रदाताहरूको प्राविधिक प्रस्ताव सारभूतरूपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ङ) उपनियम ५ बमोजिम निम्नानुसारको मिति, सयम र स्थानमा निजहरूको आर्थिक प्रस्ताव खोलिने भएकोले सम्बन्धित सबै बोलपत्रदाताहरूलाई समेत यसै सूचनाद्धारा जानकारी गरिएको छ ।

**आर्थिक प्रस्ताव खोलने मिति र समय : २०७९/०९/१९ गते दिनको ११:०० बजे**

**स्थान : त्रियुगा नगरपालिका, गाईघाट, उदयपुर**

**तपसिल :**

| सि.नं | ठेक्का नं. | प्राविधिक प्रस्तावबाट सारभूतरूपमा प्रभावग्राही देखिएका वोल पत्रदाताहरूकोनमावली |
|---|---|---|
| 1. | TM-UDA-WORKS-NCB-1/2079-80 Construction of Single Span (40 m) Pre-Stress Bridge Over Shahikhola River Along Rajabas-bantawari Road, Udayapur | 1. Him Nirman Sewa Tahachal-13, Kathmandu<br>2. K.M/BELTAR -JV, Kathmandu<br>3.Mallarani Construction Pvt. Ltd. Khalanga, Pyuthan |
| 2. | TM-UDA-WORKS-NCB-2/2079-80 Construction of Laxmipur School Building, Gaighat, Udayapur | 1.Krishna Laxmi Nirman Sewa Kanpur Kavre<br>2. MAHATO/CHET NA JV, Nagrain-01,Dhanusha<br>3.Susham Aditya Bhanumati - Raut JV |

मान बहादुर वन
प्रमुख प्रशासकिय अधिकृत

# प्रभाव दैनिक

रूपशाला




## राष्ट्रकवि घिमिरेको पूर्णकदको शालिक बनाइने

मर्स्याङ्दी वाङ्मय प्रतिष्ठानले लमजुङको गाउँसहरस्थित लमजुङ माध्यामिक विद्यालय प्राङ्गणमा राष्ट्रकवि माधवप्रसाद घिमिरेको पूर्णकदको शालिक निर्माण गर्ने भएको छ। प्रतिष्ठानको '२१औँ साधारणसभा तथा अधिवेशन'का अवसरमा आयोजित कार्यक्रममा प्रतिष्ठानका अध्यक्ष डा. बमबहादुर थापा 'जीताली'ले गाउँसहरस्थित लमजुङ माविको प्राङ्गणमा शालिक राख्न राष्ट्रकविको पूर्णकदको शालिक निर्माण भइरहेको बताए।


आइतबार, १० पुस २०७९ (Sunday, December 25, 2022)


# २५ वर्षपछि रञ्जितले मादल बजाउँदा...

■ प्रभाव संवाददाता



**पोखरा –** नेपाललाई अन्तर ाष्ट्रिय समुदायमा, विशेषगरी भारतमा मादलको देश भनेर चिनाउने संगीतकार हुन् रञ्जित गजमेर। रञ्जित गजमेरको संगीतमा सजिएका नेपाली फिल्मी गीतहरू नेपाली स्रोताको पहिलो रोजाइमा पर्ने गीत हुन्।

दैनिक सुने पनि मुम्बई बसेर काम गर्दै आएका उनलाई प्रत्यक्ष सुन्ने मौका बिरलै जुर्छ। पोखरामा जारी नेपाल लिटरेचर फेस्टिभलको तेस्रो दिन यस्तै दुर्लभ अवसर जुरेको छ।

गजमेर विशेष कार्यक्रम ' गीत रञ्जित'मा उनले झन्डै २५ वर्षपछि नेपाली स्टेजमा मादल बजाएको देख्न सुन्न पाइयो। उनले हम दोनो दो प्रेमी दुनिया छोड चले, मोहनी लाग्ला है जस्ता चर्चित गीतको धुन मादलमा घन्काए। वर्षौंपछि नेपाली स्रोतामाझ मादल बजाउने क्रममा उनका आँखासमेत रसाएका थिए।

नेपाल लिटरेचर फेस्टिभलको बहानामा वर्षौंपछि पोखरा आउने मौका पाएकोमा एकदम धेरै खुसी लागेको बताउँदै उनले भने, 'धेरै वर्षपछि यसरी नेपाली बोल्ने मौका पाए। कत्ति वर्षदेखि नेपाली बोल्ने यस्तो मौका पाएको थिइनँ। बम्बैमा त घरबाट निस्केपछि अंग्रेजी बोल्नुपर्यो कि मराठी बोल्नुपर्यो। कि गुजराती कि हिन्दी बोल्नुपर्यो।' गजमेरको यो सेसन उनका चर्चित गीतहरूको सन्दर्भ वरिपरि केन्द्रित रह्यो। र, ती गीतहरू स्टेजमा गायक उज्वल सागरले गाए पनि।

एकसेएक उत्कृष्ट गीतका संगीतकार रञ्जितले आफ्नो कुनै एक मात्र नेपाली गीत छान्नु पर्यो भने छान्ने गीत हो, झझल्को लिएर आएछ सावन।

आशा भोसलेको स्वरमा सजिएको यो गीतको सन्दर्भ बताउँदै गजमेरले भने, 'नेपाली पिक्चरमा नेपाली गायिकाले नै गायो भने राम्रो हुन्छ भन्ने कुरा आयो। तुलसी घिमिरे, मेरो श्रीमती र मैले सोच्दाखेरी काठमाडौंबाट तारादेवी वा दार्जिलिंगबाट अरुणा लामालाई बोलाउनु पर्यो। उहाँहरूको प्लेन खर्च, होटल यो सबै हाम्रो बजेटले भ्याएन,' उनले भने, 'मेरो श्रीमतीले एक पल्टलाई आशा भोसलेलाई भनम् भनिन्। आरडी बर्मनलाई यो कुरा भन्दा आफैं आशालाई भन भन्नुभयो। मैले आशा दिदीलाई भन्दा दिदी एकदम खुसी भयो।'

बाँसुरी फिल्मकै मिर्मिरे साँझमा सिमसिमे पानी गीत पनि त्यो गीतसँगै रेकर्ड भएको उनले बताए। उनले खर्च जोगाउन दुबै गीत एकै दिन रेकर्ड गरिएको जानकारी दिए।

मिर्मिरे साँझ उदित उदितनारायण झाको पहिलो गीत भएको पनि उनले बताए। उनले भने, 'उहाँले मुम्बईमा माइक समातेर गाएको पहिलो गीत पनि यही हो।' नेपाली गीतको चर्चाको सिलसिलामा हम दोनो दो प्रेमी गीतको चर्चा पनि आइहाल्यो।

उनले आफ्ना गुरुजी अर्थात् बोस आरडी बर्मनले नेपाली शैलीको गाना मागेपछि यही गीतको धुन मादल बजाएर सुनाएको स्मरण गरे। उनले भने, यो गीत रेलमा छायांकन हुन्छ। गीतमा मादल मादल तिमी मात्र बजाउनू अरु रिदम चाहिन्न। गितार हुन्छ अनि अनि रेलको छुकछुक आवाज पनि चाहिन्छ।'

रेलको छुकछुक आवाजको कथा पनि भनिहाले, 'हामी रंग लगाउँदा साइन पेपर लाउँछौं नि त्यो साइन पेपर च्यातेर मेरो एक साथीलाई छिकछिक गर्ने आवाज निकाल्न लगाइयो। मनोहरि सिंह दाइले बाँसुरी बजाउनुभयो। लता मंगेशकर र किशोरकुमारले गाएको गीतमा जितन अमान र राजेश खन्नाले अभिनय गरे।

हिन्दीपछि महाकवि लक्ष्मीप्रसाद देवकोटाको कुन मन्दिरमा जान्छौ यात्री ? को पालो आयो।

बाँसुदेव फिल्मका निर्देशक तथा पटकथाकार नीर शाहले यो गीतको प्रस्ताव गर्दा मैले भनेको थिएँ, 'मैले महाकवि देवकोटाको कवितामा ट्युन गर्ने ? घर आएर श्रीमतीसँग कुरा गरेपछि उनले यो त तपाईंको लागि चुनौती हो भनिन्। चुनौती लिनैपर्छ। गर्नैपर्छ।'

मुम्बईमा ट्युन बनाएर मात्र गीत लेखिने तर पहिल्यै लेखिएको देवकोटाको कवितामा संगीत भर्न गाह्रो लागेको उनको भनाइ थियो।

'पहिला छन्द मिलाउनुपर्छ हामीले। छन्द मिलाउने क्रममा यो तालमा हुन्छ कि, अर्को तालमा हुन्छ नमिलेर सात मात्रामा गरौं न त भनेर त्यसपछि मैले प्रयास गरेँ। ट्युन हाम्रो भूपाली रागजस्तो होस्, नेपाल टच या पहाडी राग होस् भनेर हाम्रो भूपाली रागमा गयौं।'

कार्यक्रम सञ्चालक सिर्जना पोखरेलले रञ्जितकी दिवंगत पत्नी कुसुम गजरेलमा समर्पित गर्दै कार्यक्रम सुरु गरेकी थिइन्। कुराकानीका क्रममा गजमेरले कुसुमलाई स्मरण गर्दै आफ्नो संगीत यात्रा यहाँसम्म आइपुग्नुमा उनको ठूलो हात रहेको बताए।

उनले भने, 'जति पनि काम गरेँ अहिलेसम्म, जति पनि नाम भयो मेरो रञ्जित गजमेरले गरेको होइन। ममा भगवानको आशीर्वाद थियो र दार्जिलिंगदेखि काठमाडौं र काठमाडौंदेखि बम्बईसम्म गएर उहाँको आशीर्वादले भएको हो। र, यसको सम्पूर्ण श्रेय मेरी श्रीमतीलाई दिन्छु। भए हुन्छ नभए फेरि फर्कौंला। उनको जोडले हामी बम्बै पुगेको हो। मेरी श्रीमती र भगवान पशुपतिनाथ र तपाईंहरू सम्पूर्ण नेपाली जनताले जो प्यार, माया दिनुभयो। त्यो नै सबैभन्दा ठूलो कुरा हो मेरो लागि।'



# प्रकाश र लक्ष्मीको लाइहेल कालो टीका

■ प्रभाव संवाददाता

**काठमाडौं–** पछिल्लो समय गीत बजार हेरेर तयार गरिन्छ। गीतसंगीतका आफ्नो कलासंस्कृति कसरी समेट्ने भन्दापनि युट्युवमा बढी भ्युज कसरी बटुल्नेतिर ध्यान दिइन्छ। त्यसैले गीतसंगीतका दिग्गज यसतर्फ चिन्तित छन्।

आफ्नो कलासंस्कृतिप्रति सजक गायक गायिका कमै छन् सांगीतिक क्षेत्रमा। तीमध्येकी एक हुन् गायिका लक्ष्मी आचार्य। सुदरपश्चिमकी गायिका आचार्यको प्रत्येक गीतसंगीतमा त्यहाँका कलासंस्कृति, रीतिरिवाज, भेषभूषा र भाषा संस्कृति देख्न सकिन्छ।

सुदूरपश्चिमका टिपिकल्ली भाका टिपेर त्यहाँकमा रितिरिवाज सहितका 'ओ मेरी भाउजु', ' भन् साली तेरी दिदी कहाँ' जस्ता युट्युवको करोड क्लबमा पुग्न सफल गीतहरू दिएकी आचार्यको नयाँ गीत 'लाईहेल कालो टीको' सार्वजनिक भएको छ।

सुदरपश्चिमको एकदमै चर्चित र ऐतिहासिक भाषाकासाथ आएको यो गीत त्यहाँकै कल्चर शैलीमा गीत तयार छ।

नरेन्द्रराज रेग्मीको शब्द संगीत रहेको गीतमा गायिका आचार्यलाई स्वरमा अर्को चर्चित गायक प्रकाश सपुतले साथ दिएका छन्। प्रकाशले स्वर दिएको यो नै पहिलो सुदूरपश्चिको गीत हो। थुप्रै गीत मार्फत आफुलाई अब्बल साबित गर्दै आएका प्रकाशले यो गीत सुदूरपश्चिमकै शैलीमा निकै मिठो तवरबाट स्वर दिएका छन्। उनको स्वर सुन्दा उनले सुदूरपश्चिको शैलीको गीत पहिले देखिनै गाउने गरेको आभाष हुन्छ।

चर्चित गायक प्रकाश सपुतसँग सहकार्य गर्न पाउदा निकै खुसी देखिएकी गायिका आचार्यले सपुतको स्वरले गीतमा सुन र सुगन्ध दुबै भर्ने काम गरेको बताउँछिन्।

गीत अनुसारको भिडियो निकै आकर्षक बनेको छ। प्रकास सपुत र लक्ष्मी आचार्यकै अभिनय रहेको भिडियोमा एकजोडी युवायुवतीको प्रेमकथा देखाउन खोजिएको छ। एउटी बिछट्टै राम्री केटीलाई अरुको नजर लाग्ने होकी भनेर फलो गरिरेका एक युवकले ति युवतीलाई ठट्यौली परामा आफ्नो प्रेम ब्यक्त गीतमा गर्दछन्। भिडियोले पनि त्यही कथा बुनेको छ। मौसम हिमालको निर्देशन रहेको भिडियोमा आचार्य र सपुतको जोडी निकै सुहाएको छ। प्रबिन भट्टको सम्पादन र नवराज उप्रेतीको छायांकन रहेको भिडियोले गीतलाई झनै सिंगार्ने काम गरेको छ।

आफ्नो भाषा, संस्कृति प्रति आफु सचेत रहेकोले आफ्नो गीतसंगीत सधै सुदूरपश्चिका कलासंस्कृतिले भरिपुर्ण हुने गायिका आचार्य बताइन्। ' हामी जो जुन कर्ममा छौ। त्यही कर्मबाट आफ्नो कलासंस्कृति प्रति सजक हुनुपर्छ' आचार्यले थपिन्, 'त्यसपछि मात्र हाम्रो कलासंस्कृतिले अन्तराष्ट्रिय स्तरमा पनि प्रथामिकता पाउन थाल्छ।'



नेपाल टी-२० फ्रेन्चाइज लिग

# काठमाडौं र लुम्बिनीको विजयी सुरुआत






■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल टी-२० लिग सुरु भएको छ। शनिबार पहिलो दिनको खेलमा जित हात पार्दै काठमाडौं नाइट्स र लुम्बिनी अल स्टारले विजयी सुरुआत गरेका छन्।

उद्घाटन खेलमा काठमाडौं नाइट्सले पहिलो संस्करणको नेपाल टी २० फ्रेन्चाइज लिगमा विजयी सुरुआत गरेको छ। कीर्तिपुरस्थित त्रिवि खेल मैदानमा भएको खेलमा काठमाडौंले पोखरा एभेन्जर्सलाई २६ रनले हरायो। एक सय ६३ रनको मध्य लक्ष्य पछ्याएको पोखरा १९ ओभरमा सात सबै विकेट गुमाउँदै एक सय ३६ रनमा सिमित बनेको थियो। ओपनर उपुल थरङ्गाले बलियो सुरुआत गरे पनि बाँकी खेलाडीले साथ नदिँदा पोखरा पहिलो खेलमै स्तब्ध बन्यो। श्रीलंकाका ओपनर उपुलले पोखराकोलागि ३४ बलमा ६ छक्का सहित ४४ रन बनाएका थिए।

आरिफ शेखले २० रन बनाउँदा अमिर हाम्जा, अभिमन्यु मिथुनले समान १८ रन जोडे। सिद्धान्त लोहनी १३ रनमा अविजित रहे। बाँकी खेलाडीले भने दोहोरो अंक बनाउन सकेनन्। बलिङतर्फ काठमाडौंका अभिनाश बोहराले सर्वाधिक तीन विकेट लिए। यसैगरी, बसिर अहमदले २ तथा अनिल खरेलले १ विकेट लिएका थिए। यसअघि टस जितेर निर्धारित १९ ओभरमा चार विकेट गुमाउँदै एक सय ६२ रनको योगफल तयार पार्‍यो। निर्धारित समयमा खेल सुरु नभएपछि एक ओभर खेल छोट्याइएको थियो। काठमाडौंका अज्मतुल्लाह ओमार्जाइले सर्वाधिक अविजित ८५ रन बनाए। ४२ बलको सामना गरेका ओमार्जाइले ४२ बलमा तीन चौका र सात छक्का प्रहार गरेका थिए।

सुनम गौतमले २८ बलमा दुई चौकासहित २७ रन बनाएका थिए। ओमार्जाइ र सुनमले छैटौं विकेटका लागि एक सय १४ रनको बलियो साझेदारी गर्दै बलियो स्थितिमा पुर्‍याए। एलेक्स ब्लेकले २२ बलमा २१, भिरन्दीप सिंहले १५ बलमा १० रनको योगदान गरे। बाँकी खेलाडीले दोहोरो अंक बनाउन सकेनन्।

ओपनर सन्तोष कार्कीले तीन, कप्तान ज्ञानेन्द्र मल्ल शुन्यमा आउट भए। पोखराका प्रतिस जिसी र जाहि खानले दुई दुई विकेट लिए। मौसम ढकालले एक विकेट लिए।

त्यस्तै दोस्रो खेलमा लुम्बिनी अल स्टारले नेपाल टी-ट्वान्टी क्रिकेट लिगमा विजयी सुरुआत गरेको छ। टियु क्रिकेट मैदानमा शनिबार फार वेस्टर्न युनाईटेडलाई ६७ रनले हराउँदै लुम्बिनीले सुखद सुरुआत गरेको हो।

लुम्बिनीले दिएको १ सय ५३ रनको लक्ष्यसहित जवाफी ब्याटिङ गरेको फार वेस्टर्नले १६ ओभर २ बलमा अलआउट हुँदै ८५ रन मात्र बनाउन सक्यो। फार वेस्टर्नका लागि कप्तान हस्मतउल्लाह शाहिदीले सर्वाधिक ३५ रन जोडे। विनोद भण्डारीले १३ रन जोड्दा अन्य खेलाडीले दोहोरो अंकको रन जोड्न सकेनन्। फार वेस्टर्नलाई सस्तैमा समेट्न लुम्बिनीका दीपेन्द्र सिंह ऐरीले ३ विकेट लिए। सागर ढकालले २ विकेट लिए।त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको लुम्बिनीले २० ओभरमा ७ विकेट गुमाएर १ सय ५२ रन बनाएको थियो।

लुम्बिनीका लागि लाहिरू मिलान्थाले ५० बलमा ६० रनको अर्धशतकिय ईनिङ खेले। कप्तान दीपेन्द्र सिंह ऐरी ३५ तथा गुलसन झा २५ रनमा आउट भए। फार वेस्टर्नका लागि उमर अलि र करन केसीले समान ३/३ विकेट लिए। पहिलो संस्करणको प्रतियोगितामा ६ टोलीको सहभागीता रहेको छ। प्रतियोगिताको विजेताले ५५ लाख तथा उपविजेताले ३० लाख पाउने आयोजक नेपाल क्रिकेट संघ (क्यान) ले जनाएको छ। तेस्रो हुनले १० लाख र चौंथोले ५ लाख पाउने क्यानले जनाएको छ।

त्यस्तै प्लेयर अफ द सिरिजले ५ लाख प्राप्त गर्दा उत्कृष्ट बलर र उत्कृष्ट ब्याटरले २ लाख ५० हजार पाउने छन्। इमर्जिङ प्लेयरले १ लाख ८० हजार पाउने क्यानले जनाएको छ।

# नेपालका राजवीर च्याम्पियन

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपालका राजवीर प्रधान २० औं जयकर स्मृति एटीएफ यु-१४ टेनिस प्रतियोगिताअन्तर्गत सर्किट- २ को ब्वाइज सिंगल्समा शनिबार पहिलो भएका छन्।

सातदोबाटोस्थित टेनिस कोर्टमा शनिबार भएको फाइनलमा राजवीरले हङकङका कि छियोङ मोरिस ताङलाई ६-१ र ६-१ को सोझो सेटमा सहजै पराजित गरे। २ पुसमा सम्पन्न प्रतियोगिताको सर्किट- १ मा भने राजवीर परीक्षा कारण सहभागी थिएनन्। सर्किट- १ मा भारतका भिभान मिर्धाले नेपालका आयुशमान हजुर घलेलाई हराउदै पहिलो भएका थिए।

नेपाल टेनिस संघको सहयोगमा मन जयकर टेनिस एकेडेमीद्वारा आयोजित प्रतियोगिताको गर्ल्स सिंगल्सको फाइनलमा भारतकी तनिशा भत्नागरले भारतकै सराह चौधरीलाई सीधा सेटमा ६-३ र ६-४ ले पाखा लगाउदै पहिलो भइन्। सर्किट- १ मा भने नेपाली खेलाडीको वर्चस्व थियो। नेपालका शिभाली गुरुङ पहिलो, आद्या पौड्याल दोश्रो तथा प्रशंसा मोक्तान र स्वस्तिका विष्ट तेश्रो भएका थिए। सर्किट- १ कै डबल्समा पनि शिभालीले स्वर्ण हात पारेकी थिइन्।

शुक्रबार सम्पन्न सर्किट- २ को ब्वाइज डबल्समा हङकङका ताङ र वान हिम दोनोभन यिमको जोडी पहिलो भएका थियो। गर्ल्समा नेपालकी प्राज्ना मानन्धर र भारतकी हनी जुमानी गौरवको जोडीले शीर्ष स्थान हात पारेको थियो। विजेतालाई नेपाल ओलम्पिक कमिटीका अध्यक्ष समेत रहेको संस्कृति, पर्यटन तथा नागरिक उ•यन मन्त्री जीवनराम श्रेष्ठले एक कार्यक्रमबीच पुरस्कृत गरे। एसियाली टेनिस महासंघको स्वीकृतिमा भएको प्रतियोगिताअन्तर्गत ब्वाइजमा १७ तथा गर्ल्समा १९ खेलाडीले प्रतिस्पर्धा गरेका थिए। नेपालसहित १४ राष्ट्रका खेलाडीले सिंगल्स र डबल्स खेलेका थिए।

मन जकयर टेनिस एकेडेमीले पहिलो पटक जुनियर अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गरेको हो। विगतका १९ संस्करण जुनियर राष्ट्रिय प्रतियोगिताका रूपमा आयोजना गरिएको थियो।

# नेपाली भलिबल टोलीको तेस्रो पराजय

■ प्रभाव संवाददाता

**काठमाडौं–** काभा यु-२३ पुरुष भलिबल च्याम्पियनसिपको लिग चरणमा नेपाल जित बिहिन बनेको छ। शनिबार भएको लिग चरणको अन्तिम खेलमा नेपाल कीर्गिस्तानसँग ३-२ सेटमा पराजित भएको हो।

नेपालले अब लिग चरणको विजेतासँग खेल्नेछ।

बंगललादेशको शाहीद सुहरावर्दी इनडोर स्टेडियममा पहिलो सेट २५-१६ ले गुमाएको नेपालले दोस्रो सेटमा पुनरागमन गर्दै २५-२३ को जित निकालेको थियो। त्यस्तै तेस्रो सेट २५-१७ ले गुमाएको नेपालले चौथो सेट २५-१९ मा जित निकाल्दा अन्तिम सेटमा कीर्गिस्तानले १५-६ को जित सुनिश्चित गरेको हो।

च्याम्पियनसिपमा आयोजक बंगलादेशसँगै नेपाल, श्रीलंका र कीर्गिस्तान गरी चार टोलीको सहभागिता छ।

नेपालले यसअघिको खेलमा बंगलादेश र श्रीलंकासँग पराजय ब्यहोरेको थियो। नेपालले च्याम्पियनसिपको सेमिफाइनल खेल आइतबार हुँदै छ।


## मोटरसाइकल हरायो

मिति २०७९-०९-०२ गतेका दिन राती का.जि.का.म.न.पा. ३२ स्थित घर बाहिर पार्किङ्ग गरिराखेको कालो रातो रंगको पल्सर २२० सिसि मोटरसाइकल हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु।

नाम : विनोद सरदार
सवारी नं : बागमती प्रदेश-०२-०३६ प १००१
इन्जिन नं.: DKXCNK35240
च्यासिस नं.: MD2A13EX7NCK80881
सम्पर्क नं. : ९८४१८२९७८४



**क्रिसमसको उत्सव** | मध्य एसियाली मुस्लिम राष्ट्र किर्गिस्तानको बिश्केकमा क्रिसमस तथा नयाँ वर्षका लागि सजाइएको केन्द्रीय अला–टू स्क्वायरमा उत्सवको आनन्द लिइरहेका मानिसहरू । *तस्बिरः एएफपी*

# १.७ ट्रिलियन डलरको सरकारी कोष पारित

**वासिङ्टन-** अमेरिकी प्रतिनिधिसभाले शुक्रबार संघीय सरकारलाई आर्थिक सहयोग गर्ने उद्देश्यले विशेष आर्थिक प्याकेज पारित गरेको छ । उक्त १.७ ट्रिलियन अमेरिकी डलरको ओम्निबस बिल- बिहीबार सिनेटले पारित गरेर ह्वाइट हाउस पठाइँदै छ ।

अमेरिकी राष्ट्रपति जो बाइडेनले शुक्रबार उक्त प्याकेज आफ्नो डेस्कमा पुग्नेबित्तिकै हस्ताक्षर गर्ने बताएका छन् । एक हप्ताको निरन्तर छलफलपश्चात् चार हजार पृष्ठ लामो उक्त प्रतिवेदन अब राष्ट्रपतिको हस्ताक्षरको पर्खाइमा छ ।

आर्थिक वर्ष सन् २०२३ को लागि ठूलो खर्च कानुनमा गैररक्षा, घरेलु कार्यक्रमका लागि ७७२.५ बिलियन डलर र रक्षा कोषमा ८५८ बिलियन डलर समावेश छ । यो रकम अघिल्लो वर्षको तुलनामा झण्डै १० प्रतिशतले बढेको छ ।

यसले रुससँग चलिरहेको द्वन्द्वबीच युक्रेनका लागि करिब ४५ अर्ब डलर आपत्कालीन कोष पनि उपलब्ध गराउँदै छ। सैन्य गतिविधिमा ठूलो रकम खर्च गरेकोमा संयुक्त राज्य अमेरिकाको चर्को आलोचना भइरहेको बेला यो कोष आएको हो । *रासस/सिन्ह्वा*

# विहारमा इँटाभट्टा विष्फोट, ९ जनाको ज्यान गयो



**नयाँदिल्ली-** पूर्वीभारतको विहार राज्यस्थित इँटाभट्टामा विष्फोट हुँदा भट्टाका मालिकसहित नौ जना मजदुरको मृत्यु भएको छ भने अन्य आठ जना घाइते भएका छन् ।

स्थानीय अधिकारीका अनुसार विहारको राजधानी पटनाबाट १५४ किलोमिटर उत्तरमा अवस्थित पूर्वीचम्पारण जिल्लाको नारिगिर गाउँमा शुक्रबार साँझ उक्त दुर्घटना भएको हो । घाइतेको रक्सोलको निजी अस्पतालमा उपचार भइरहेको जनाइएको छ ।

विष्फोटको जानकारी प्राप्त हुनेबित्तिकै उद्धारकर्ता र प्रहरी घटनास्थलमा पुगेका पूर्वीचम्पारण जिल्ला मजिस्ट्रेट कार्यालयले जनाएको छ । राज्यको विपद् व्यवस्थापन केन्द्रका उद्धारकर्ता भग्नावशेषमुनि खोजी गरिरहेका छन् । विष्फोटको कारण सार्वजनिक गरिएको छैन । सम्बद्ध निकायले अनुसन्धान थालेको छ ।

यसैबीच, प्रधानमन्त्री नरेन्द्र मोदीले उक्त घटनामा ज्यान गुमाएकाहरूप्रति श्रद्धाञ्जलि अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति समवेदना व्यक्त गरेका छन् । साथै, उनले घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरेका छन् । *रासस/सिन्ह्वा*

# तमिलनाडुमा तीर्थयात्रु बोकेको गाडी खाडलमा खस्दा ८ जनाको मृत्यु


**थेनी-** तमिलनाडुको थेनी जिल्लामा श्रद्धालु सवार कार दुर्घटना हुँदा आठ जनाको मृत्यु भएको छ । कार सडकबाट करिब ४० फिट तल खस्दा सो दुर्घटना भएको हो । दुर्घटनामा नौ वर्षीय बालकसहित दुई जना घाइते भएका छन् ।

अन्दिपट्टी नजिकैको सन्मुगासुन्दरपुरम गाउँका १० अयप्पा भक्त सबरीमालाको दर्शन गरेर घर फर्कंदै गर्दा शुक्रबार बेलुका उनीहरूको कार दुर्घटनामा परेको थियो । उनीहरू कुमुली पहाडी सडक इराइचलपलम नजिक पुग्दा सो कार खाडलमा खसेको थियो ।

'थेनी जिल्लाको कुमुली पहाडको भञ्ज्याङमा सो कार ४० फिट गहिरो खाडलमा खस्दा आठ श्रद्धालुको मृत्यु भएको छ,' थेनीका जिल्ला कलेक्टर केभी मुरलीधरनले बताएका छन् । उनले दुई जनालाई उद्धार गरी अस्पताल लगिएको पनि बताएका छन् ।

उद्धार गरिएका दुई जनामा नौ वर्षीय बालकसमेत रहेका छन् । गम्भीर घाइते भएका उनीहरूलाई नजिकैको सरकारी अस्पतालमा प्राथमिक उपचार गरिएको थियो । दुर्घटनाबारे अनुसन्धान जारी छ । *रासस/एएनआई*

# मेकोङ नदीका १० दुर्लभ डल्फिनको मृत्यु



**नोमपन-** कम्बोडियाको एक संरक्षणवादी समूहले यो वर्ष मेकोङ नदीका १० दुर्लभ डल्फिनको मृत्यु भएको बताएको छ । यहाँस्थित विश्व वन्यजन्तु कोषले बिहीबार क्राती प्रान्तको मेकोङ नदीमा मरेको इरावदी डल्फिन भेटिएको जनाएको छ ।

१९३ सेन्टिमिटर लामो, सातदेखि १० वर्षको करिब ८५ किलोग्राम तौल भएको मरेको पोथी डल्फिन भेटिएको जनाउँदै कोषले 'मोनोफिलामेन्ट गिलनेट'मा फसेपछि डल्फिनको मृत्यु भएको बताएको छ । मत्स्यपालन प्रशासन र कोषले गरेको अनुसन्धानबाट मृत्युको कारण खुलेको हो ।

कोषले वयस्क पोथी डल्फिनको मृत्युले मेकोङ नदीमा डल्फिनको प्रजनन क्षमतामा प्रत्यक्ष प्रभाव परेको उल्लेख गर्दै कोषले यो वर्ष उक्त नदीमा १० वटा दुर्लभ डल्फिन मरेका तथा बितेका तीन वर्षमा २८ वटा डल्फिन मरेकामा चिन्ता व्यक्त गरेको छ ।

मेकोङ डल्फिनलाई लोप हुनबाट जोगाउन कानुनको कडाइका साथ कार्यान्वयन गर्न अपरिहार्य भएकामा कोषले जोड दिएको छ । *रासस/सिन्ह्वा*

# उत्तर कोरियाद्वारा दुईवटा ब्यालिस्टिक मिसाइल प्रहार



**सियोल-** नयाँ वर्षको नीति तय गर्नका लागि प्रमुख राजनीतिक बैठक बस्नुअघि उत्तर कोरियाले शुक्रबार दुईवटा छोटो दूरीको ब्यालेस्टिक मिसाइल प्रहार गरेको दक्षिण कोरियाली सेनाले जनाएको छ ।

स्थानीय समयअनुसार अपराह्न ४:३२ बजे प्योङयाङको सुनान क्षेत्रबाट मिसाइल प्रहार गरिएको दक्षिण कोरियाका जोइन्ट चिफ अफ स्टाफ (जेसिएस)ले शुक्रबार एक विज्ञप्ति जारी गर्दै जनाएको छ । यसले दुईवटा मिसाइललाई पानीमा प्रक्षेपण गरेको पनि उल्लेख गरेको छ ।

सन् २०२२ मा मात्रै उत्तर कोरियाले ३६औं पटक क्षेप्यास्त्र प्रहार गरेको छ। जापान कोस्ट गार्डले आफ्नो रक्षा मन्त्रालयको जानकारीलाई उद्धृत गर्दै ब्यालिस्टिक मिसाइल जापानको विशेष आर्थिक क्षेत्रभन्दा बाहिर खसेको विश्वास गरेको बताएको छ ।

नेता किम जोङ उनको नेतृत्वमा हाल उत्तर कोरियाले अमेरिका र दक्षिण कोरियाको दबाबका बाबजुद आक्रामकरूपमा मिसाइल परीक्षण बढाएको छ। सिएनएनले उल्लेख गरेअनुसार यस वर्षको सुरुमा स्याटेलाइट इमेजरीले यसको भूमिगत आणविक परीक्षण साइटमा विभिन्न गतिविधि देखाएको थियो ।

दक्षिण कोरियाली लडाकू विमानसँग संयुक्त प्रशिक्षणको लागि कोरियाली प्रायद्वीप नजिकै अमेरिकाले आणविक बमवर्षक र उन्नत स्टिल्थ जेट उडान गरेको तीन दिनपछ गरिएको प्रक्षेपणमा उत्तर कोरियाद्वारा कुनै प्रतिक्रिया आएको थिएन । उत्तर कोरियाले यस्तो सैन्य अभ्यासलाई आक्रमणको पूर्वाभ्याससरूपमा बुझ्ने गरेको छ । *रासस/एएनआई*

**सलुशन हर्बल कम्पनि प्रा लि**
केन्द्रिय कार्यालय वनस्थली १६ काठमाडौं

**सूचना**

उपरोक्त सम्बन्धमा राष्ट्रिय प्रभाव दैनिक पत्रिकामा मिति २०७९-०५-२७ गते सोमबार प्रकाशित दर रेट सम्बन्धी सूचनामा कम्पनी संचालक समितिको मिति २०७९/०६/०१ मा भएको निर्णय अनुसार थोक मूल्य बाट थप ४ प्रतिशत अतिरिक्त छुट दिने निर्णय भएकोले कायम रहने मूल्यमा औषधि खरिद बिक्री गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ ।

**चौधौं बार्षिक साधारण सभा सम्बन्धी सूचना**

यस संस्थाको मिति २०७९ मंसिर १७ गते बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम यस संस्थाको चौधौं (१४औं) बार्षिक साधारण सभा बस्ने भएकोले सम्पूर्ण सेयर सदस्यहरुलाई गरिमामय उपस्थितीको लागि हार्दिक अनुरोध गर्दछौं ।

**मिति : २०७९ पौष २२ गते शुक्रवार**
स्थान : होटल हार्दिक, बागबजार, काठमाण्डौं
समय : अपरान्ह १:०० बजे

**पाल्पा बचत तथा ऋण सहकारी संस्था लि.**
बागबजार, काठमाण्डौ, नेपाल

# सिटिभेनी रबुका फिजीको प्रधानमन्त्रीमा निर्वाचित

**सुभा-** सिटिभेनी रबुका फिजीको नयाँ प्रधानमन्त्रीमा निर्वाचित भएका छन् । संसद्ले शनिबार उनी निर्वाचित भएको घोषणा गरेको छ ।

राबुका, सन् २०२१ मा गठन भएको फिजीको राजनीतिक दल जन गठबन्धनका नेता हुन् । रबुका संसद्को २८ मतले निर्वाचित भए भने अर्का नेता भोरेके बैनिमारामाले २७ मत प्राप्त गरेका छन् । संसद्का नवनिर्वाचित सभामुख नाइकामा लालबालावुले सो निर्वाचनको परिणाम घोषणा गरेका हुन् ।

फिजीको सोसल डेमोक्रेटिक लिबरल पार्टी शुक्रबार राबुकाको पिपुल्स अलायन्स र नेसनल फेडेरेसन पार्टीसँग मिलेर गठबन्धन बनेको हो । गठबन्धनपछि राबुकाले विजय हासिल गरेका हुन् । योसँगै फ्रान्क बैनीमारामाको नेतृत्वमा रहेको १६ वर्षे शासनको अन्त्य भएको छ । उनले सन् २००६ मा सैन्य कूद्वारा सत्ता कब्जा गरेका थिए ।

१६ वर्षमा पहिलोपटक फिजीवासी नयाँ प्रधानमन्त्रीलाई स्वागत गर्ने तयारीमा छन् ।
***रासस/एएनआई***

# नर्सिङ होममा आगलागी हुँदा २० जनाको मृत्यु

**भ्लादिभोस्टक-** रुसको पश्चिमी साइबेरिया क्षेत्रको केमेरोभो सहरमा रहेको निजी नर्सिङ होममा आगलागी हुँदा २० जनाको मृत्यु हुनाको साथै अन्य छ जना घाइते भएका छन् ।

तास समाचार एजेन्सीका अनुसार घाइतेमध्ये दुई जनाको अवस्था गम्भीर रहेको छ । हिटिङ् चुलो चलाउने क्रममा समस्या आउँदा उक्त आगलागी भएको हो ।

शुक्रबार राति एक निजी नर्सिङ होम रहेको दुई तले काठको भवनमा आगलागी भएको थियो । *रासस/सिन्ह्वा*

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १००३०० | प्रति तोला – ९९८०० | प्रति तोला – १३९० |



**श्रीपञ्चमीको तयारी** | सुनसरीको इनरुवामा सरस्वतीको मूर्ति बनाउँदै कालिगढ । आउँदै गरेको श्रीपञ्चमीलाई ध्यानमा राख्दै बनाइँदै गरेको सरस्वतीको तयारी मूर्ति दुई हजार पाँच सयदेखि १७ हजार रूपैयाँसम्ममा बिक्री हुने गरेको छ । *तस्बिरः नवीन गड्तौला/रासस*

## लगानीअनुसारको प्रतिफल नपाएको व्यवसायीको गुनासो

■ प्रभाव संवाददाता

**भैरहवा–** पेट्रोलियम व्यवसायीले आफ्नो व्यवसायमा लगानीअनुसारको प्रतिफल नभएको गुनासो गरेका छन् । व्यवसायीको सञ्चित मुनाफा र व्यवसायीको ग्यारेन्टीको पनि सुनिश्चितता हुनुपर्नेमा त्यस्तो नभएको उनीहरूको भनाइ छ । पेट्रोलियम पदार्थ बिक्रेता व्यवसायीले सरकार र नेपाल आयल निगमले आफूहरूका मागलाई सधैं बेवास्ता गर्दै आएको गुनासो गरेका छन् ।

नेपाल पेट्रोलियम डिलर्स एसोसिएसनका सचिव हिमाल गैरेले रूपन्देहीको भैरहवामा आज आयोजित पश्चिमाञ्चल पेट्रोलियम डिलर्स संघको १७औं वार्षिक साधारणसभा तथा आठौं अधिवेशनमा विभिन्न क्षेत्रमा अनुदानको व्यवस्था गरे पनि यस क्षेत्रमा नगरेको बताए । 'अहिले नेपाल आयल निगमले प्रतिलिटर रु एक सय ३१ को लगानीमा रहेको डिजल रु एक सय ७५ र रु एक सय ४९ रहेको पेट्रोल कमिशनमा रु एक सय ७८ का दरले बेचिरहेको छ', उनले भने, 'अहिलेसम्म पुरानै दररेटमा कमिशन पाइरहेका छौँ, हामीले थप लगानी गर्नुपरिरहेको छ । तर लगानीअनुसारको प्रतिफल हामीले पाइरहेका छैनौं ।'

नेपाल आयल निगमले घाटा पूर्ति गर्नका लागि बढी रकममा पेट्रोलियम पदार्थ बेचीरहँदा पनि निगमलाई जोगाउन एसोसिएसनले सहयोग गरिरहेको उनले बताए । निगमलाई सहयोग गरिरहे पनि निगमको व्यवसायीलाई हेर्ने नजर भने सहयोगी नरहेको उनको आरोप छ । नेपाल र भारतको सीमावर्ती क्षेत्र भएका कारण यसको प्रत्यक्ष मारमा पेट्रोलियम व्यवसायी पर्ने गरेका छन् । अहिले भारतको तुलनामा नेपालमा पेट्रोलियम पदार्थ रु ३८ महँगो छ । यसले यस क्षेत्रका व्यवसायी प्रभावित बनेको केन्द्रीय सचिव गैरेले बताए ।

'अहिले नेपालीले भारतमा गएर तेल हालीरहेका छन्, यहाँको प्रशासन मौन छ', उनले भने, 'भारतमा गएर तेल हाल्दा नेपालले राजस्व गुमाएको छ, हामी बेरोजगार हुने अवस्थामा पुगेका छौँ ।'

साधारणसभाका वक्ताले इन्धनको सहज आपूर्ति गरिनुपर्ने, कमिसन वृद्धि गर्नुपर्ने, धरौटीको ब्याज दिनुपर्नेलगायत माग गरे । संघका अध्यक्ष प्रेम न्यौपानेले पेट्रोलियम पदार्थ डिलरसम्म ल्याउँदा नोक्सानी धेरै भइरहेको तर नेपाल आयल निगमले क्षतिपूर्ति न्यून दिने गरेको गुनासो गरे । 'व्यवसायीले मात्रै सधैं कति नोक्सानी व्यहोर्ने ? आयल निगमलाई घाटाबाट जोगाउन सधैं व्यवसायी मारमा पर्नुपर्ने ? यो कस्तो नियम हो ? त्यसैले तत्काल क्षतिपूर्ति बढाउन म निगम र सरकारसँग माग गर्दछु', उनले भने । कमिशन कम्तीमा पाँच प्रतिशतसम्म पुऱ्याउनुपर्ने उनको माग थियो । अहिले व्यवसायीले तीन प्रतिशत कमिशन पाइरहेका छन् ।

व्यवसायीले भलबारी डिपोसम्म पाइपलाइन विस्तार गर्नुपर्ने, ग्यास व्यवसायीलाई जस्तै पेट्रोलियम व्यवसायीलाई पनि सुविधा दिनुपर्ने, रोहिणी खोलाको किनारमा आयल निगमले खरिद गरेको जग्गामा निगमको डिपो निर्माण तत्काल सुरु गर्नुपर्नेलगायत माग गरे ।

नेपाल पेट्रोलियम डिलर्स महासंघका केन्द्रीय सदस्य राजु न्यौपानेले वर्षौंदेखि माग गर्दै आउँदा पनि आफूहरूका माग निगमले समाधान गर्नतर्फ ध्यान नदिएको आरोप लगाए । उनले अग्नी बीमा गर्नुपर्ने, धरौटीको ब्याज दिनुपर्ने र निश्चित समय अवधिलाई मात्र धरौटी राखिनुपर्ने माग गरे ।

'पछिल्लो समय बढ्दो ब्याजले हामीलाई मारमा पारेको छ', उनले भने, 'आठ प्रतिशतमा लिएको ऋणको ब्याज वृद्धि भएर १६ प्रतिशत पुगिसक्यो । नियन्त्रण गर्ने कसले हो ? यस्तै अवस्था रहे व्यवसायी पलायन हुन्छन् ।' उनले व्यवसायी सङ्कटमा पर्दासमेत राहतका कुनै कार्यक्रम नल्याइएको गुनासो गरे ।

## हवाई भाडाको 'कार्टेलिङ' अध्ययन गर्न निर्देशन

■ प्रभाव संवाददाता

**काठमाडौं–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले आन्तरिक हवाई उडानमा हुँदै आएको 'कार्टेलिङ' अध्ययन गर्न नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) लाई निर्देशन दिएको छ । आन्तरिक उडान गर्दै आएका बुद्ध, यती, श्री र सौर्य एयरलाइन्सले आपसी मिलेमतोमा आफुखुसी हवाई भाडादर निर्धारण गरेपछि मन्त्रालयले अध्ययनका लागि प्राधिकरणलाई निर्देशन दिएको हो ।

आन्तरिक उडान गर्ने कम्पनीले हवाई उडानमा कार्टेलिङ गरिरहेको सूचनाका आधारमा अध्ययन अगाडि बढाउन निर्देशन दिएको मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछानेले बताए । उनले भने, 'कार्टेलिङको विषयमा उठेको कुरासम्बन्धी अध्ययन गर्न नागरिक उड्डयन प्राधिकरणलाई निर्देशन दिएका छौं, कार्टेलिङ भएको पुष्टि भएमा कारबाही हुनेछ ।' मिलेमतोमा भाडा निर्धारण गर्न नमिल्ने भएकाले यस्तो क्रियाकलाप नियन्त्रण गर्नमा लाग्ने उनको भनाइ छ ।

आन्तरिक हवाई कम्पनीले गर्दै आएको कार्टेलिङको राष्ट्रिय योजना आयोगले समेत अध्ययन गरिरहेको बताइएको छ । हवाई कम्पनीको कार्टेलिङको अध्ययन गर्न आयोगका सदस्य डा. रामकुमार फुयाँलको नेतृत्वमा कमिटी बनेको छ । आयोगका तत्कालीन उपाध्यक्ष डा विश्व पौडेलले सार्वजनिक यातायातको क्षेत्रमा भइरहेको सिन्डिकेट र कार्टेलिङको अध्ययन अघि बढाउँदै त्यसको जिम्मा फुयाँललाई दिएको बताइएको छ ।

मिलेमतोका आधारमा टिकट बिक्री गरेर कार्टेलिङको साम्राज्य खडा गरेको बताउँदै यो विषयलाई गम्भीर रूपमा लिएर अध्ययन अघि बढाइरहेको आयोगले जनाएको छ । नेपाल सरकारले तोकेको न्यूनतम र अधिकतम भाडादरलाई आधार बनाएर वायुसेवा कम्पनीहरूले कार्टेलिङ गरिरहेको आरोप लागेको छ । अहिले कुनै पनि सेक्टरमा उडान गर्ने सबै कम्पनीको हवाई भाडा एउटै कायम रहेको पाइएको छ ।

## अन्तर्राष्ट्रिय जुत्ता चप्पल प्रदर्शनी हुँदै

**काठमाडौं, (प्रस)–** काठमाडौंमा 'अन्तर्राष्ट्रिय जुत्ताचप्पल औद्योगिक प्रदर्शनी' हुने भएको छ । जुत्ता उत्पादक संघ नेपालको आयोजनामा यही पुस २१ देखि २३ गतेसम्म उक्त प्रदर्शनी हुन लागेको हो ।

स्वदेशी र विदेशी उद्योगी तथा व्यवसायीबीच परस्पर व्यवसाय प्रवर्द्धन गर्ने उद्देश्यले नेपालमा पहिलोपटक 'गोल्डस्टार १६औं अन्तर्राष्ट्रिय जुत्ताचप्पल औद्योगिक प्रदर्शनी-२०७९ हुन लागेको हो । स्वदेशी उत्पादनलाई अन्तर्राष्ट्रिय बजारसम्म जोड्ने मुख्य उदेश्यले प्रदर्शनी गर्न लागिएको संघका अध्यक्ष नानीराज घिमिरेले जानकारी दिए । नेपालमा उत्पादन भएका जुत्ताचप्पललाई विश्व बजारमा पुऱ्याउन प्रदर्शनीबाट सहयोग पुग्ने उनको भनाइ छ ।

अन्तर्राष्ट्रियस्तरको जुत्ताचप्पल मेलाले विदेशमासमेत नेपाली उत्पादन निर्यात गर्न सहज हुने अध्यक्ष घिमिरेले बताए । स्वदेशमा उत्पादित जुत्ताचप्पललाई अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउन आवश्यक रहेको उल्लेख गर्दै उनले मेलाको ९० प्रतिशत काम सम्पन्न भइसकेको बताए ।

संघका उपाध्यक्ष एवं मेलाका संयोजक सुरज बञ्जाडेले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका कच्चापदार्थ, मेशीनरी सप्लायर्स र क्रेता मेलामा सहभागी हुने बताए ।

## खुला सीमाले स्वदेशी उत्पादनलाई समस्या

■ प्रभाव संवाददाता

**रूपन्देही–** मर्चवार क्षेत्रका व्यवसायी, किसान, स्थानीय तथा सरोकारवालाले खुला सीमाका कारण स्वदेशी उत्पादनले बजार नपाएको गुनासो गरेका छन् । खुला सीमा व्यवस्थित हुन नसकेका कारण सहज रूपमा सामान भित्रिनुले स्वदेशी उत्पादनको बजारीकरणमा समस्या रहेको उनीहरूको भनाइ छ ।

चेम्बर अफ कमर्स, रूपन्देही उद्योग व्यापार सङ्गठन र उद्योग व्यापार सङ्गठन मर्चवार सम्पर्क कार्यालयले शुक्रबार कोटहीमाई गाउँपालिका-५ स्थित मझगावामा आयोजना गरेको स्थानीय बजार प्रवर्द्धनमा सरोकारवालाको भूमिका विषयक अन्तरक्रिया कार्यक्रममा बोल्ने सहभागीले स्थानीय बजार प्रवर्द्धनका लागि सम्पूर्ण पक्ष जिम्मेवार हुनुपर्नेमा जोड दिए ।

कार्यक्रममा स्थानीय सन्तराम कोइरीले स्वदेशमा उत्पादन भएका कुखुराले बजार नपाएको गुनासो गरे । उनले भने, 'भारतमा सस्तो मूल्यमा कुखुरा पाइने र खुला सीमाका कारण सहजरूपमा चोरी-पैठारी हुने भएकाले सीमा वारिका व्यवसायी मर्कामा छन् ।' त्यस्तै स्थानीय सूर्यनारायण यादवले खुला सीमाका कारण स्वदेशी बजार सुनसान भएको बताए । उनले स्वदेशमा उत्पादन लागत बढी हुँदा सामानको मूल्यसमेत यहाँ बढी नै रहेको बताए । उनले स्थानीयस्तरमा उत्पादित सामानको बजारीकरणमा समस्या रहेको बताए ।



कृषक अशोककुमार तिवारीले किसानलाई मल र सिँचाइको व्यवस्था नभएसम्म विकास हुन नसक्ने बताए । उनले कृषकले उत्पादन गरेर वस्तुको मूल्य कृषकले नै तोक्न पाउनुपर्ने माग राख्दै भने, 'किसानको विकास नभएसम्म मुलुकको विकास हुन सक्दैन ।'

स्थानीय अर्जुन हरिजनले चप्पल उद्योग सञ्चालन गर्दै आएको भए पनि बिक्रीवितरणमा समस्या आएपछि उद्योग नै बन्द गर्नुपरेको बताए । उनले उद्योग बन्द भएपछि ऋणको किस्ता र ब्याज तिर्न समस्या भएको गुनासो गरे । उनले भने, 'अनुदान पाउनुपर्ने व्यक्तिसमक्ष पुगेको छ कि छैन अनुगमन गर्नु आवश्यक छ ।'

मर्चवार प्रेस क्लबका अध्यक्ष हृदयराम गुप्ताले दर्ता प्रक्रियामा नआएका व्यवसायलाई करको दायरामा ल्याउनुपर्ने बताए । उनले स्थानीय सरकारले स्थानीय उत्पादन भएका सामान खरीद गर्नुपर्ने प्रस्ताव राख्नुभयो । उनले उद्योग व्यवसाय सञ्चालन गर्ने वातावरण सिर्जना गर्नुपर्ने बताए । मर्चवार क्षेत्रमा होटल, किरानालगायत व्यवसाय बन्द भएकाले त्यसतर्फ पनि सम्बन्धित निकायले ध्यान दिनुपर्ने उनको भनाइ थियो । उद्योग व्यापार सङ्गठन रूपन्देहीका अध्यक्ष अनिलकुमार ज्ञवालीले किसानले समयमा मल र बीउ नपाएको बताए । उनले सरकारले किसानलाई समयमै मल उपलब्ध गराउन नसकेको र सीमापारिबाट ल्याउँदा किसानले अनेकौं हैरानी खेप्नुपरेको बताए । उनले भने, 'स्थानीय सरकार र व्यवसायीबीच सहकार्य आवश्यक छ ।' अध्यक्ष ज्ञवालीले किसानको जीवनस्तर माथि उकास्न सके मात्र अर्थतन्त्र मजबुत हुने बताए ।

कोटहीमाई गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजन श्रीवास्तवले कृषिप्रधान क्षेत्र मर्चवारमा आउनुपर्ने मलसमेत घटिरहेको गुनासो गरे । उनले किसानले समयमै मल नपाएको बताए । उनले मर्चवार क्षेत्रमा रहेका पालिकाहरूले साझा एजेन्डा बनाएर अघि बढ्नुपर्नेमा जोड दिए । मर्चवारी गाउँपालिकाका अध्यक्ष गयाप्रसाद बरईले कृषि, शिक्षा र स्वास्थ्यमा आफूले जोड दिएको बताए । उनले कृषकलाई गाउँपालिकाबाट सक्दो सहयोग गरिएको बताए । उनले भने, 'निजी क्षेत्रलाई जिम्मेवारी दिए कृषकले सहज रूपमा मल पाउन सक्थे ।' उनले किसानलाई सिँचाइको व्यवस्था नहुनु दुःखद भएको बताए ।

कोटहीमाई गाउँपालिकाका अध्यक्ष बालकृष्ण त्रिपाठीले भारतबाट ल्याएर सामान बिक्री गर्नुपर्ने व्यवसायीको बाध्यता रहेको बताए । उनले भने, 'मर्चवार क्षेत्रको व्यवसाय प्रवर्द्धनका लागि छुट्टै नीति बनाउनुपर्छ ।' उनले किसानले मल समयमा नपाउँदा उत्पादनमा समेत समस्या आएको बताए ।

## १० वर्षदेखि चिस्यान केन्द्र अलपत्र

**तानसेन–** पाल्पा, गुल्मी, अर्घाखाँची, स्याङ्जा, पर्वतलगायत जिल्लाका किसानको कृषिउपज भण्डारण गर्न निर्माण सुरु गरिएको चिस्यान केन्द्र १० वर्षदेखि अलपत्र छ ।

तानसेन नगरपालिका-७ बाघखोरमा दुई वर्षमा सक्ने गरी निर्माण सुरु भएको चिस्यान केन्द्रको १० वर्षमा २७ प्रतिशत मात्र काम सकिएको छ । तेत्तीस फिट अग्लो, २६ मिटर लम्बाइ र १४ मिटर चौडाइको



चिस्यान केन्द्र, दुई हजार टन कृषिउपज राख्न सकिने क्षमताको छ । भारतीय राजदूतावासको सहयोगमा निर्माण थालिएको हो । चार करोड ९९ लाख ९१ हजार नौ सय पाँच रूपैयाँमा सम्झौता भएको थियो । विसं २०६९ फागुन २३ गते सम्झौता गरेको निर्माण कम्पनीले २०७१ जेठ २३ गते काम सक्ने लक्ष्य थियो । दश वर्षमा निर्माण कम्पनीले २७ प्रतिशत मात्र भौतिक प्रगति गरेको तानसेन नगरपालिकाका प्राविधिक टीकाराम सोमैले जानकारी दिए । 'निर्माण कम्पनीले काम नै गरेन, पाँच पटक म्याद थप गरिसकेका छौँ', सोमैले भने, 'फेरि म्याद थपको लागि आएको छ, काम गर्छन् भन्नेमा विश्वस्त हुन सकिएको छैन ।' यस क्षेत्रमा तत्काल बजारमा खपत हुनेभन्दा बढी उत्पादन भएका तरकारी, फलफूल, अदुवा, दूधलगायत कृषि उत्पादन भण्डारण गर्न किसानको मागअनुसार केन्द्र निर्माण सुरु गरिएको थियो । तानसेनमा सो केन्द्र निर्माण पछि उत्साही यहाँका कृषक निर्माण कार्यमा भएको ढिलाइले पुनः निरुत्साही भएका छन् ।

निर्माण कम्पनी हिमडुंग एन्ड थोकर र जय रक्तकाली जेबीले तानसेन नगरपालिकाबाट रु दुई करोड बढी रकम भुक्तानी लगेका छन् । आर्थिक सहयोग गरेको भारतीय राजदूतावासले चिस्यान केन्द्रको अवलोकन गरेको छ । दूतावासका द्वितीय सचिव प्रशान्त सोनाले निर्माण कार्य सुरु गर्न अनुरोध गर्नुभएको तानसेन नगरपालिकाका सूचना अधिकारी भरत आचार्यले जानकारी दिए । समयमा काम सम्पन्न नभएपछि तानसेन नगरपालिकाले पूर्वनिधारित क्षतिपूर्ति रु ४८ लाख रकम तिर्न निर्माण कम्पनीलाई पत्राचार गरेको थियो ।

पूर्वनिर्धारित योजना र सम्झौताअनुसार काम नगरेको भन्दै पटकपटक परिपत्र गर्दै आएको नगरपालिकाले अन्य कम्पनी छनोट गरेर भए पनि योजना सम्पन्न गर्ने उल्लेख गरेको छ । प्रवक्ता यादवसिं कार्कीले नपुग रकम नगरपालिकाबाट थप गरेर भए पनि निर्माण सुरु गरिने बताए । 'तानसेनको गौरवसँग जोडियो, निर्माण कम्पनी परिवर्तन गरेर भए पनि काम सम्पन्न गर्छौं', प्रवक्ता कार्कीले भने । पाल्पा कृषि क्षेत्रको उर्बर भूमि हो । यहाँका किसानले सुन्तला, अकबरे खुर्सानी, अदुवाजस्ता कृषिउपजबाट करोडौंको व्यापार गर्छन् । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रणः** एक्सप्रेस कलर प्रेस, **कार्यालयः** काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागिः** marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशकः** कृष्णबहादुर कार्की, **सम्पादकः** विष्णु तामाङ